वर्ष : १४, अंक : २, काठमाडौं, २०७५ बैशाख १४ गते शुक्रबार 27 April 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# वर्तमान सरकारका अवसर र चुनौतीहरू

**मधेशवाणी डेस्क**

काठमाडौं । राष्ट्रिय स्वतन्त्रता, आर्थिक समृद्धि, नागरिकीय सवलता र साझापनाका निमति अबको राजनीति केन्द्रित हुनुपर्छ । जसले गर्दा संघर्षमा होइन समहर्षमा बाँच्ने वातावरण बन्नेछ । अभाव, प्रभाव, दबाब र बहकावमा बसेर सोच्नु हुँदैन । किनकि वर्तमान सरकार कुनै दल विशेषको होइन, समग्र देशको हो । संविधानको प्रस्तावनामा 'मधेशको आन्दोलन' शब्द थप गरी बाँकी संशोधनका लागि सातवटै प्रदेशबाट एक/एक जना स्थानीय विज्ञलाई समेटी सक्षम आयोग बनाएर समयसीमा तोकिनु पर्छ ।



**सरकारका चुनौतीहरू**

विगतमा सरकारले गरेका प्रतिबद्धता, सम्झौता, सहमति, दायित्व पूरा नगर्दा विश्वासको वातावरण बन्न सकेको छैन । त्यसले गर्दा सरकारले सबभन्दा पहिला विश्वासको वातावरण सिर्जना गर्नुपर्छ । सरकारले जनताको समस्या सम्बोधन वा समाधान गर्नका लागि कुनै दल वा नेतासँग वार्ता, छलफल गर्नुको साटो सिधा जनतामा जानुपर्छ । सरकारले डिल र र 'लिडर'बीचको अन्तर बुझ्नुपर्छ । संरचना, समभाव र स मानतालाई मूल आधार बनाउनुपर्छ । प हुँच, प्रभाव र परिणाम, नश्लवाद, नाग रिकता, राष्ट्रियता र देशभ क्तिबीचको अन्तर लगायतका विषय सरकारका चुनौतीहरू छन् । यस्तै, द ल र दल-दल, गति र प्रगति, समवृद्धि र विकास, दान, अनुदान र अधिकार, भूमि, भाव ना र भ विष्यको सुनिश्चित ता हुजुपर्छ । लगानी र निगरानीमा तारतम्यता सरकारका चुनौतीका रूपमा रहेका छन् ।

यस्ता चुनौतीहरूलाई अवसरको रूपमा सरकारले प्रयोग गर्‍यो भने स ंर च नाग त र रङ्भेदको समाप्ति, स वलीकर ण गरी आरक्षणको अन्त्य, व्यवहारिक तटस्थता र कार्यगत पक्षीयताको समाप्ति गर्नुपर्ने आवश्यक्ता छ । जसले गर्दा साझा र विकसित नेपालको सपना पूरा हुनसक्छ ।

## मधेश नेतृत्वको मध्यान्तर : सत्तामा जाने कि जनतामा ?



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई विश्वासको मत दिएर समर्थन गरिसकेका मधेशकेन्द्रित दलहरु अहिले दोधारमा छन् । यता, सत्तारुढ दलले सरकारमा बोलाउने आशमा मधेशकेन्द्रित दलका शीर्ष नेताहरु मुख ताकेर बसिर हेका छन् । उपेन्द्र यादव नेतृत्वको फोरम नेपालले सरकारसाग लिखित प्रतिबद्धता खोजिरहेको छ भने र ाजपाभित्र अहिले पनि सरकारमा जाने/नजाने भन्ने विषयमा विवाद रहेको छ । राजपाभित्र दुई खेमा देखिएको छ - एउटा मौखिक प्रतिबद्धता आए सरकारमा जाने अर्को संविधान संशोधन नभएसम्म सरकारमा नजाने । संघीयता, समानुपातिक समावेशिता, समानता, समन्याय लगायतका मुद्दाहरु उठाउदै गठन भएका मधेशकेन्द्रित दलहरु आफ्नो लक्ष्यबाट विचलित भएका छन् । मधेशकेन्द्रित दलहरुको मूल मुद्दा संघीयता कार्यान्वयन भइर हेको अवस्थामा त्यसलाई कसरी प्रभावकारी बनाउने अहिले केन्द्रित हुनुपर्ने थियो । तर, उनीहरु सरकार मा जान लालायित देखिएका छन् । मधेशकन्द्रित दलहरुको प्रदेश २ मा सरकार गठन भएको छ । प्रदेश सरकारले ल्याएको बजेट सदुपयोग, भ्रष्टाचार नियन्त्रण, बेथितिमाथि निगरानी, सुशासनको अनुभूति गराउनका लागि जनताबीच जान आवश्यक र हेको छ । राजपाका शीर्ष नेताहरु सत्ताभन्दा पनि संविधान संशोधनलाई केन्द्र बनाउनुपर्छ । जे कुर ाका लागि वर्तमान सरकारलाई समर्थन गरेका छन् त्यसप्रति सरकारलाई ध्यानाकर्षण गराउनु जरुरी छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने मुद्दाहरु, चुनावका बेला गरेका वाचाहरु, प्रदेश सरकारले गर्ने कार्यहरुमा बढी ध्यान दिनुपर्छ ।

प्रदेश तथा स्थानीय सरकारमा हुने सल्लाहकार तथा विज्ञका निमित्त एउटा स्तरीय र खुल्ला मापदण्ड तयार गरिनुपर्छ । कर्मचारी नियुक्तिका हकमा प्रदेश स्तरमा सेवा आयोगको तत्काल गठन हुनुपर्छ । जबकी अहिले स्वेच्छाचारी ढंगबाट नियुक्ति भइरहेको छ । दबाब, प्रभाव, आफन्त र अन्य स्वार्थले गरिने नियुक्तिबाट संरचना कमजोर हुन्छ । त्यसैले, यसप्रति सरकारले बेलैमा ध्यान पुर्‍याउनु आवश्यक छ ।

**भ्रष्टाचार नियन्त्रणका लागि एउटै संगठन आवश्यक**

भ्रष्टाचार नियन्त्रणका लागि सरकारले वर्तमान अवस्थामा दर्जनौं संगठनहरूको निर्माण गरेको छ । समाजमा रहेका भ्रष्टाचार, कुरिती, विसंगति, सामाजिक अपराध लगायत नियन्त्रण गर्न एउटै प्रभावकारी संगठन आवश्यक छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पति शुद्धीकरण अनुसन्धान विभाग, सार्वजनिक लेखा समिति, महालेखा परीक्षकको कार्यालय, निर्वाचन आयोग, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी, जनपथ प्रहरी, जिल्ला प्रशासन कार्यालय, र राजस्व अनुसन्धान विभाग लगायतका संस्थाहरूलाई सीमित तर सशक्त बनाएर लान पाए अपराध अनुसन्धान र परिणामका निमित्त सहज हुन सक्छ । स्वतन्त्र र सवल बनाएर एउटै तर स्वनिर्भर बनाए राम्रो हुन्छ । सेवा समूह पनि छुट्टै हुनुपर्छ ।

योजना, विकास, अनुगमन र दण्ड/पुरस्कारका निमित्त छुट्टाछुट्टै तर एउटा एउटै निकाय हुनुपर्छ । श निबारबाहेक अन्य दिन सार्व ज निक कार्य क्र म नहुँदा राम्रो हुन्छ । अनिवार्य ता/पेशाग त र योज ना बाहेकका कार्य क्र ममा मन्त्री वा कर्मचारी सामेल हुन् हुँदैन । उद् घाट न, स माप न, उत् सव वा स भाह रूमा पार्टीका नेता मात्र जान पाउनु पर्ने नियम बनाउनुपर्छ ।

**ज्येष्ठ नागरिकको भूमिका**

पेन्स न प्राप्त गर्ने अगुवा नागरिकह रू राज्यको लगानी र निगरानीसँग सम्बन्धित विषयवस्तुमा आ-आफ्नो विधाग त प्रतिवेद न प्र त्येक ३/३ म हिनामा ज म्मा ग र्नु पर्छ । यसबाट अगुवा नागरिकको सम्मान र सुशासनको अनुभूति हुनसक्छ । सरकारको तलब/पेन्सन खाने कर्मचारी, शिक्षक, प्राध्यापक, पत्रकार लगायतका बुद्धिजीबीहरूले देशहितलाई केन्द्रमा राखेर भूमिका निर्वाह गरिदिने हो भने देशप्रतिको सहभावमा वृद्धि हुनसक्छ । पेन्सन खाने, शारीरिकरूपले सक्षम अगुवा नागरिकलाई निगरानी गर्न आग्रह गर्नुपर्छ ।

**सञ्चारको स्वरूप**

प्रेस काउन्सिल खारेज गरी मिडिया काउन्सिल (आम सञ्चार काउन्सिल) बनाइनुपर्छ । जसले छापा माध्यमसमेत टेलिभिजन, रेडियो,

बाँकी पृष्ठ ८ मा

# प्रदेश २ को मुख्यमन्त्रीको तलब ६० हजार

जनकपुरधाम । प्रदेश २ को मुख्यमन्त्रीको तलब ६० हजार ९ सय ७० रूपैयाँ तोकिएको छ । प्रदेश २ को प्रदेशसभा सचिवालयमा जनप्रतिनिधिको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी दर्ताको विधेयकमा प्रदेश २ को मुख्यमन्त्रीको तलव ६० हजार ९ सय ७० रूपैयाँ तोकिएको हो ।

विधेयकमा स्थानीय तहका जनप्रतिनिधि र सदस्यहरूले पाउने सेवा सुविधा समेत छुट्याइएको विधेक प्रदेश ससद सचिवालयमा दर्ता भएको हो ।

विधेयकमा मुख्यमन्त्रीलाई आवास सुविधाका साथै अतिथि सत्कार खर्च तीन हजार, सवारी र प्रति महिना तीन सय लिटर इन्धनको व्यवस्था गरिएको छ । यस्तै मन्त्रीको ५७ हजार ७ सय ८०, राज्यमन्त्रीको ५६ हजार ४ सय ९० र सहायकमन्त्रीको ५३ हजार रूपैयाँ तलब तोकिएको भने मन्त्रीहरूलाई आवास सुविधाका लागि प्रतिमहिना १५ हजार भाडा दिइनेछ । मन्त्रीहरूलाई प्रति महिनामा २ सय २५ लिटर इन्धन उपलब्ध गराउने छ ।



यस्तै मुख्यमन्त्रीलाई तीन महिनामा १० लिटर मोबिल र अन्य मन्त्रीलाई ५ लिटर मोबिल, दैनिक भ्रमणभत्ता मुख्यमन्त्रीलाई तीन हजार र अन्य मन्त्रीलाई दुई हजार दिइनेछ व्यवस्था विधयेकमा गरिएको छ ।

यसैगरी विधेयकमा सभामुखको पारिश्रमिक प्रतिमहिना ५८ हजार तोकिएको छ भने उपसभामुख, प्रमुख विपक्षी दलका नेता, प्रदेश सभाका विभिन्न समितिका सभापति र सचेतकको पारिश्रमिक ५६ हजार ४ सय ९० रूपैयाँ व्यवस्था छ ।

यस्तै प्रदेश सांसदको मासिक तलब ५५ हजार तोकिएको छ । सभामुखदेखि प्रदेशसभा सदस्यसम्मलाई बैठक भत्ता एक हजार, सञ्चार सुविधा तथा पत्रपत्रिकाका लागि प्रतिमहिना तीन हजार उपलब्ध गराउने उल्लेख छ । यस्तै, सभामुखलाई आवास सुविधा उपलब्ध गराउने तथा विपक्षी दलका नेतादेखि सदस्यसम्मलाई प्रतिमहिना १५ हजार दिने व्यवस्था विधेयकमा गरिएको छ ।

# उमेश यादवले मृतक परिवारबाट क्षमा पाए



काठमाडौं । पाकिस्तानी नागरिकको हत्या अभियोगमा साउदी अरबमा मृत्युदण्ड सुनाइएका उमेश यादवले मृतकको परिवारबाट क्षमा पाएका छन् । साउदी अरबको अदालतले उमेश यादवलाई २०१८ को अप्रिल १५ का दिन मृत्युदण्ड सुनाएको र पुनरावेदनमा अपिल गर्न २८ दिन दिएकोले मृतक पाकिस्तानी नागरिकका परिवारबाट क्षमा पत्र लिन अभियन्ता सरोज राय गत हप्ता पाकिस्तान गएका थिए ।

साउदी अरेबियाको अदालतले यादवको टाउको काटेर २४ घण्टासम्म झुण्ड्याउने आदेश गरिसकेको छ तर कार्यान्वयन भने अहिलेसम्म गरेको छैन । एक पाकिस्तानी व्यक्तिको हत्या गरेको आरोपमा उनलाई साउदीमा विगत १२ वर्षदेखि बन्दी बनाएर कारागार भित्रै राखिएको थियो ।

यादव धनुषाको माची झिटकैया-४ तथा हाल कमला नगरपालिका-३ बस्ने आमा कुमारी देवी र बुबा भोला यादवका साइला सन्तान हुन् । गरिबीबाट मुक्त हुन विदेशिएका उमेशले साउदीको जिलादिन कम्पनीमा छ महिना काम गरेका थिए ।

अभियन्ता सरोज रायले माफिपत्रमा परिवारले सही गर्ने सम्भावना रहेको बताएका थिए । मृतकको परिवारले उमेश यादवलाई क्षमादान दिएको जानकारी दिएका छन् । अब यादव छिटै नेपाल फर्किन पाउँनेछन् ।

## टिप्पणी

जेपी गुप्ता



# मधेश : सहकार्य र संघर्षमा बाटोको खोजी

> मधेशी सत्तापक्षले मधेशतिर फर्कदा देखिने मधेशी मानसिकता र काठमांडू तिर फर्कदा देखिने फरक अवस्थाका बीच कसरी काम गर्ने, यसको निर्धारण गर्न सकेको देखिदैन । यसको निर्धारण हुनु जरूरी छ ।

प्रदेश न. २ परिस्थितिवश सहकार्य र संघर्षको अभ्यास प्रदेश बन्न गएको छ । समग्र मधेश एउटै प्रदेश निर्माणका लागि तथा प्रादेशिक स्वशासनका लागि पछिल्लो १० वर्षको द्वन्द पश्चात आज सानो पाउरोटीको अझ् सानो टुक्राको रूपमा ८ जिल्लाको एक प्रदेश बनेको छ । यस ८ जिले प्रदेशसम्मको यात्रामा के प्राप्त भयो र के गुमाईयोस यसको चर्चा हुदै गर्ला ।

तर, के आजको विद्यमान संरचना पनि जोगिन्छ कि जोगिन्न(नयाँ परिस्थिति बन्न लागेको छ । आज देशमा देखिन थालिएको संकेतहरूले बताउन चाहेको छ कि(देशको मूलधारका लागि अनअपेक्षित यो संघीयता पनि अग्राह्य भएको छ ।

वि.स. ०४८ मा आएको संसदीय ब्यवस्था जसरी ३ बर्षपनि पुरा नहुदै ०५१ देखि अफाप पार्ने दुष्चक्रमा फस्योस अहिलेको संघीयताले पनि सोही पुनरावृति भोग्ने अवस्था बन्दै गएको छ ।

म एमाले-माओवादी शासित बाँकी ६ प्रदेश कत्तिको संघीयताको पक्षपोषण गर्नेछ, कुनै दावा गर्दिन । तर, सोचौं यदि एमाले(माओवादी र काँग्रेससमेतका बीच संघीयताको बिपक्षमा सहमति बन्न गयो भने ती ६ वटै प्रदेशको शासन हाक्नेहरू यसको प्रतिरक्षा गर्न सक्छन् वा त्यस निम्ति कुनै अग्रसरता लिन्छन र ? यसमा थोरैपनि बिश्वास गर्न सकिदैन । यस्तो अवस्थामा सके वा नसकेपनि मधेशले संघीयताको रक्षार्थ रोईधोईसम्म गर्न सक्नु पर्दछ । यो उस्को दायित्व हुन जान्छ ।

यस्तो अवस्थामा कुनै बेला वीपि कोईरालाले भन्नु भएझैं "यदि हामी राष्ट्रियताको नाममा राजाको बढी नजिक भयौं भने मुलुकमा प्रजातन्त्र आउने छैन । यसैगरी यदि हामीले प्रजातन्त्र स्थापनामा मात्र जोड दियौं भने मुलुकको राष्ट्रियता समाप्त भएर जानेछ ।" यस निम्ति उहाँले ब्यवहार र सिद्धान्तका बीच समन्वयमा जोड दिनु भएको थियो ।

मेरो विचारमा अहिले लगभग यस्तै 'रूप र सार'को दायित्व मधेशको भागमा परेको छ । मधेशको बाध्यता छस यसलाई केन्द्रीय सत्तासंग सहकार्य पनि गर्नु परेको छ र आफ्नो अधिकारका लागि संघर्ष पनि । यसैमा ब्यवहार र सिद्धान्तका बीच समन्वय मिलाउनु पर्ने दायित्व छ ।

राजपाको स्थापना दिवसको मौकामा हिजो मात्र उपेन्द्र यादवले चुनौति दिदैं भनेका छन् कि "हिम्मत भए २ नम्बर प्रदेशमा वामपन्थीको सरकार बनाएर देखाओस् !" केही अघि मात्र माओवादीका अध्यक्ष प्रचण्डले "७ मध्ये ६ वटा प्रदेशमा वामपंथी सरकार छ र छिट्टै २ न. मा पनि वामपंथीहरूकै सरकार बन्नेछ" भनेका थिए । ज्ञातव्य छ कि, ओली सरकार गठन हुने बेलामा राजपासंग सम्बन्धको लक्ष्मण रेखा खिच्दै स्वयं उनै उपेन्द यादवले भनेका थिए कि, "राजपासँगको गठबन्धन प्रदेश २ का लागि मात्र थियो । अन्य बिषयमा कुनै गठबन्धन छैन ।" यसपछि गुह्य कुरा जान्ने बुझ्नेको ध्यान एमाले(माओवादी र उपेन्द्रका बीच संभाव्य समिकरण तर्फ गएको थियो । यसै बीच प्रचण्डको उक्त पछिल्लो भनाईले धेरैको पेटको पानी हल्लिएको हुनुपर्छ, भारतको पनि ।नेपालको केन्द्रीय सत्तामा वामपंथीसंग अनिच्छाका साथ हात मिलाउनु परेपनि २ न. प्रदेशमा

बाँकी पृष्ठ २ मा

नेपाल राष्ट्र बैंकको ६३औं वार्षिकोत्सवको सुखद् अवसरमा कुशल र सुशासित वित्तीय प्रणालीको विकास एवम् समग्र आर्थिक स्थायित्व कायम गरी मुलुकले परिलक्षित गरेको समन्यायिक र दिगो आर्थिक विकासको लक्ष्य प्राप्तिलाई सहयोग पुऱ्याउन सदा समर्पित रहने प्रण गर्दछौं ।

नेपाल राष्ट्र बैंक



## सम्पादकीय



# बजेटको सफल कार्यान्वयन होस्

प्रदेश २ को सरकारले चालु आर्थिक वर्ष २०७४/७५ को तीन महिनाका लागि एक अर्ब दुई करोड पाँच लाख रूपैयाँ बराबरको बजेट प्रदेशसभामा प्रस्तुत गरेको छ।

प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले प्रस्तुत गरेको कुल बजेटमा चालुतर्फ रू ५७ करोड ८० लाख ३१ हजार अर्थात् ५६ दशमलव ६४ प्रतिशत र पूँजीगततर्फ रू ४४ करोड २४ लाख ६८ हजार अर्थात् ४३ दशमलव ३६ प्रतिशत रहेको छ।

प्रदेशको विकास र समृद्धिका लागि कृषि, सिँचाइ, वन, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, साना तथा घरेलु उद्योग, निजी क्षेत्रको विकास, सूचना प्रविधिको विकास, सामाजिक पूँजीको परिचालन, रोजगारी सृजना जस्ता विषयलाई बजेटमा समावेश गरिएको छ।

चालु आवको बजेटमा सुशासन, नीतिगत, कानूनी र संरचनागत पूर्वाधार निर्माण, सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि, समाजिक सुरक्षा, संघ र स्थानीय तहसँग सहकार्य, समन्वय र साझेदारीको संस्कृति विकास, सार्वजनिक खर्चमा वित्तिय अनुशासन र पारदर्शिता, वातावरणीय स्वच्छता अभिवृद्धि प्रदेशको ऐतिहासिकताको संरक्षण र प्रवर्द्धन, प्रकोप व्यवस्थापन, महिला सशक्तीकरण र क्षमता विकास तथा प्रदेश प्रोफाइल निर्माणलाई प्राथमिकतामा राखिएको छ।

प्रस्तुत बजेटमा स्वच्छ प्रदेश : स्वस्थ जनता कार्यक्रमअन्तर्गत मुख्यमन्त्री स्वच्छता अभियानका लागि रू एक करोड ५० लाख, किसानको हित: सरकारको जित कार्यक्रमअन्तर्गत कृषि क्षेत्रका विकासका लागि रू नौ करोड, राहत तथा पुनः

**जबसम्म भ्रष्टाचारमा शून्य सशनशीलता अपनाइदैन, तबसम्म जति राम्रो बजेट ल्याइए पनि त्यसको समुचित कार्यान्वयन हुन सक्दैन। त्यसकारण अब प्रदेश सरकारले भ्रष्टाचार, कमीशनतन्त्र, लुटतन्त्र जस्ता प्रवृत्तिलाई निरूत्साह गरी विकास र पूर्वाधारको काममा आफूलाई केन्द्रित गर्नु पर्छ।**

स्थापनाअन्तर्गत प्राकृतिक प्रकोपबाट प्रभावित पीडितको तत्काल उद्धार, राहत र उपचारका लागि प्राकृतिक विपद् व्यवस्थापन कोष स्थापनाका लागि रू दुई करोड, मुख्यमन्त्री राहत तथा पुनः स्थापन कोषका लागि रू पाँच करोड, जंगली जनावरको आक्रमणबाट हताहत भएका नागरिकका परिवारजनको राहत तथा पुनः स्थापनाका लागि रू ५० लाख, मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानका लागि रू ८० लाख, संसद् विकास कोषअन्तर्गत प्रत्येक सांसदलाई रू १०/१० लाखका दरले रू १० करोड ७० लाख तथा दुई वा दुईभन्दा स्थानीय तह जोड्ने सडक निर्माण, स्तरोन्नति र मर्मतसम्भारका लागि चार करोड ८० लाख रकम विनियोजन गरिएको छ।

बजेट र यसले विनियोजन गरेको शीर्षक हेर्दा प्रदेश सरकारले सन्तुलित बजेट ल्याएको देखिन्छ। बजेटले सबै मुख्य मुख्य विषय समेटे पनि यसको कार्यान्वयन कस्तो हुने समयले नै बताउने छ। बजेटको कार्यान्वयनमा देखिने चुनौतीलाई सम्बोधन नगर्ने हो भने बजेट फ्रिज हुने सम्भावना रहन्छ।

यद्यपी अहिले मात्र तीन महिनाको लागि बजेट ल्याइने भएकाले यसको प्रभावकारी मापदण्ड अहिले नै गर्न सकिन्न तर यसले प्रदेश सरकारको काम गराइ कस्तो छ भन्ने पूर्व मूल्यांकन भने अवश्य गर्छ। यदि प्रदेश २ को सरकारले बजेटलाई उपयुक्त तरिकाले कार्यान्वयन गर्न सकियो भने मात्र आगामी कार्य योजना सहि तरिकाले सञ्चालन हुन सक्छ।

बजेट कार्यान्वयनको मुख्य समस्या कमीशनतन्त्र, भ्रष्टाचार र लुटखोरी हो। अहिले सबै तहमा जनप्रतिनिधिहरू आएका छन्। जनप्रतिनिधिलाई काम गर्नका लागि संरचनात्मक अवस्था सिर्जना हुनुपर्छ।

कर्मचारीतन्त्रले जति भ्रष्टाचार मच्चाएको थियो त्यसको तुलनामा जनप्रतिनिधिले कम भ्रष्टाचार गर्छ भन्न सकिन्छ। भ्रष्टाचार हुँदै हुँदैन भनेर भन्न त सकिन्न तर, पहिलाको भन्दा अलि कम हुन्छ। यो विश्वको अनुभव हो। स्थानीय तहमा स्थानीय सरकार हुन्छ भने र त्यहाँ संरचनात्मक मिलेको छ भने भ्रष्टाचार घट्छ। किनभने त्यहाँ प्रत्यक्षदर्शीहरू हुन्छन्। कति पैसा आयो, कति पैसा खर्च भइरहेको छ सबै कुरा निगरानी हुन थाल्छ। जब केन्द्रबाट स्थानीय तहमा बजेट जाँदा सबैलाई थाहा हुँदैन र तर, स्थानीयस्तरबाट काम हुन थालेपछि यो-यो कामका लागि यति बजेट आयो भन्ने कुरा सबैले थाहा पाउँछन्।

जबसम्म भ्रष्टाचारमा शून्य सशनशीलता अपनाइदैन, तब सम्म जति राम्रो बजेट ल्याइए पनि त्यसको समुचित कार्यान्वयन हुन सक्दैन। त्यसकारण अब प्रदेश सरकराले भ्रष्टाचार, कमीशनतन्त्र, लुटतन्त्र जस्ता प्रवृतिलाई निरूत्साह गरी विकास र पूर्वाधारको काममा आफूलाई केन्द्रित गर्नुपर्छ।

## सातको सात बात



भारत र चीनबीच धेरै कुरामा सहकार्य र कतिपय विषयमा प्रतिस्पर्धा रहेको छ। नेपालले दुवै देशबीच सन्तुलित सम्बन्ध बनाउने विषय नै राष्ट्रिय हितमा छ। **प्रदिप ज्ञवाली, परराष्ट्रमन्त्री**



हामीले सरकारलाई विश्वासको मत दियौं, चुनावहरूमा सघायौं। यसको अर्थ शान्ति, स्थिरता, समृद्धितर्फ मुलुक, संघीयता, समावेशीता र हामीले उठाउँदै आएका पहिचानका सवालहरूलाई हल गर्न सहज होस् भनेका हौं। **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम**



आर्थिक समृद्धिका लागि हरितक्रान्ति, कृषि उत्पादन लगायतका क्षेत्रमा सरकारले विशेष ध्यान दिनेछ। हरित अर्थतन्त्रको माध्यमबाट कृषिको उत्पादकत्वमा वृद्धि गरी हरियाली नेपाल बनाउन सकिन्छ। **डा. युवराज खतिवडा, अर्थमन्त्री**



अन्य प्रदेश भन्दा सुरक्षाको दृष्टिकोणले प्रदेश २ बढी संवेदनशील रहेको छ। सुरक्षामा रहेको चूनौतीको सामना गर्न आवश्यक सुरक्षा रणनीति बनाउने कार्यमा गृहमन्त्रालय लागेको छ। **रामबहादुर थापा, गृहमन्त्री**



आयात रोक्ने र आन्तरिक उत्पादनलाई बदावा दिन साना, मझौला र ठूला उद्योग स्थापना गरेर जनताको आय स्तर उकास्ने खालका योजनाहरू सरकारले ल्याउने तयारी गरेको छ। मातृका यादव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री



कृषि, पर्यटन, धार्मिक तथा ऐतिहासिक स्रोतका कारण प्रदेश नम्बर १ लाई समृद्ध बनाउने प्रशस्त सम्भावनाहरू रहेका छन्। संविधानसभाको निर्वाचन, संविधान निर्माण लगायतका कठिन चरणहरू पर गर्दै अब विकास र समृद्धिको एकमात्र गन्तव्यमा हामी आइपुगेका छौं। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणमा क्रममा भव्य अभिनन्दनका लागि हामी जुटेका छौं। मोदीको भ्रमण भव्यताका साथ सफल बनाउन जनकपुरको सरसफाइ, सुरक्षा, मञ्च व्यवस्थापनका लागि बैठक बसिसकेको छ। **लालबाबु पण्डित, मुख्यमन्त्री, प्रदेश २**

# कृषि उत्पादनका आधार : सहकारी कृषि

## विचार-विश्लेषण



उपेन्द्र झा

नेपाल कृषि प्रधान देश भनिएपनि कृषिमा परनिर्भरता दुई तिहाईभन्दा बढी छ। ५ दशकदेखि शासकहरूले कृषिको समस्यालाई उजागर गर्दै यसको उत्पादकत्व बढाउने दिशामा रणनीतिक रूपले अगाडि बढेपनि कृषिको उत्पादन स्तर खस्किदै गएको तथ्यांकले पुष्टि गरेको छ। हरेक पंचवर्षीय योजनाले कृषि विकासको अवधारणालाई प्राथमिकताका साथ समेटिएपनि कृषिको छुट्टै विकास गर्ने २० वर्षे रणनीति तहत अनेक योजनाहरू लागू भए। कृषिको स्तरोन्नति बिषयलाई सबै दलहरूले आफ्नो घोषणा पत्रमा प्राथमिकताका साथ समावेश गरे। कृषिको दुर्दशा बयान गरेर वैदेशिक लगानी आकर्षित गरिए। योजनाहरू कार्यान्वयनमा पनि आए, तर यसले परिणाम देखाउन सकेन।

राजतन्त्र होस् वा लोकतन्त्र शासकहरूको भ्रष्ट आचरणले राज्य संयन्त्रलाई मात्र बिगारेन, कुनै पनि विकास निर्माणलाई परिणाममा पुग्न दिएन। कुनै बेला धान निर्यात गर्ने नेपाल दैनिक उपभोग्यको हरेक वस्तु आयात गरि बाँचि रहेको दयनीय अवस्थामा पुगेको छ। गत आर्थिक वर्षमा आयात १५% ले बढेर ५.५० खर्ब पुगेको छ। गत वर्षको व्यापार घाटा ९ खर्ब १७ अर्ब रहेको छ। चालू आर्थिक वर्षमा सरकारले झण्डै ७ खर्बको ऋृण लिई सकेको छ। यो कूल गार्हस्थ्य उत्पादनको २७% हो। प्रत्येक नेपालीको टाउकोमा २४ हजारको ऋृण पर्छ। तीव्रतापूर्वक दिनानुदिन बढ्दै गएको आयात, व्यापार घाटा तथा उत्पादन क्षेत्र प्रभावहीन रहेको अवस्थामा नेपाल कुन अवस्थामा छ भन्ने कुरा तथ्याँकले दर्शाई रहेको छ। उत्पादनको खस्किदो अवस्था तथा उपभोक्ताको बढ्दो मागलाई दृष्टिगत गरि राष्ट्रिय चिन्ता बढ्दै गएको छ। यसको निदानको माध्यम सरकारको ईमान्दारिता तथा कुशल राज्य संचालन नै रहेकोले यो धरातलको विश्वसनीयता खस्केको छ।

संयुक्त राष्ट्र संघको अतिकम विकसित मुलुक (एलडीसी) को पछिल्लो प्रतिवेदनले सन् २०१५ मा स्तरोन्नतीको थ्रेसहोल्ड पूरा गरेको देशहरू मध्ये नेपाल पनि एक हो। तर हालै नेपालले अतिकम विकसित मुलुकको दायरामा बस्ने निर्णय गरेको छ। स्तरोन्नतीका लागि नेपालले आवश्यक मापदण्ड पूरा गरेपनि एलडीसीमा बस्न नै रूचाएको छ। केही वर्ष अघि नेपाल अतिऋृणग्रस्त गरिब मुलुक (हिपिक) को सूचीमा थियो। तर ऋृण भुक्तानी क्षमता बढ्दै गएपछि नेपाल हिपिकबाट बाहिरियो। तर पनि हिपिकमा बसि रहन् नेपाली अधिकारीहरूको दबाव रहेपनि मुद्राकोषले नेपालको ऋृण भुक्तानी क्षमता हिपिक सूचकाँकभन्दा माथि रहेको जवाफ दिएपछि नेपालको मनोकाँक्षा पूरा भएन।

नेपालले विकासशीलमा स्तरोन्नती हुन नचाहेको आफ्नो कमजोर आथिक अवस्था नै हो। नेपालको कूल विकास खर्चको ६५% भन्दा पनि अधिक वैदेशिक लगानीमा निर्भर छ। कृषि र औद्योगिक उत्पादन प्रभावहीन छ। निर्यातको तुलनामा आयातको अवस्था डरलाग्दो छ। मौसमी आय वृद्धि र रेमिट्यान्सको तरलीकृत आयको भरमा विकासशीलमा स्तरोन्नति गर्नु राम्रो कुरा होईन भन्ने अर्थविद्को भनाई हो। रेमिट्यान्स अनुत्पादक क्षेत्रमा बढि खर्च भई रहेकोले आर्थिक वृद्धिदरमा यो भरपर्दो माध्यम बन्न सकि रहेको छैन। यी सब कारणले पनि नेपालको आर्थिक धरातल एलडीसीमा बस्न बाध्य छ।

सामन्ती राज्य प्रणालीले आफ्नो स्वरूप बदले पनि सामन्ती स्वभावमा कुनै परिवर्तन भएको छैन। भूस्वामित्व र उत्पादन सामन्ती प्रभावबाट मुक्त हुन सकेको छैन। उपभोगको अनुपात बढ्दै जाँदा आयातको भारले देश थिचिदै गएको दबाब देश झेल्न सकि रहेको छैन। देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपनि राजनीतिकर्मीले स्वआर्जनको भावनाबाट मुक्त कोही देखिदैन। व्यक्तिगत स्वार्थको वशीभूत रहेका नेता कार्यकर्ताको ठूलो जमातको नेटवर्कले देशको सबै विकास योजनालाई आफ्नै सम्पत्ति सरह उपभोग गर्ने गरेकाले योजनाहरू परिणाम देखाउन सक्दैन र विकास यथास्थितिमा स्थिर रहन्छ। अहिले अधिकार प्राप्त संघीय राजाहरूको उदय भएको छ। सामन्ती संस्कारबाट प्रदेश प्रमुख पनि मुक्त नदेखिएकोले विकासका कार्य नराम्रोसंग प्रभावित हुनुमा कुनै शंका छैन। वर्चस्व पाएका नेताहरू आफ्नो प्रभूत्व देखाउने यो अवसर पाएकोले जनता र देशका लागि गरिने विकास निर्माणका कार्यहरू गरेर देखाउनुको सट्टा नियतवश गर्ने गरेकाले विकास कार्य नराम्ररी प्रभावित हुने यथार्थलाई नकार्न मिल्दैन। हिजो एउटाले गरेको थियो। आज अर्कोले गर्ने चलन कसैले तोड्दैन।

एलडीसीमा बसिरह्ने आर्थिक धरातलको बाध्यतालाई सरकारले नियतवश आउने वैदेशिक लगानीका लागि यथास्थितिलाई स्वीकार गर्नु एउटा ठूलो समस्या बनेको छ। वैदेशिक सहयोगलाई आकर्षित गर्ने तथा यसको सदुपयोग नगर्ने नियतका कारण देश अधोगतिमा गएको प्रष्ट छ। शासकहरूको भ्रष्ट आचरणका कारण राज्य संयन्त्र नै भ्रष्ट बनेको सन्दर्भमा देशले विकासको क्षेत्रमा अपेक्षित सफलता नपाएको यथार्थ सबैको सामू छ। देश परनिर्भरताको भयावह अवस्था भोगि रहेको छ। आयात चरम सीमामा रहेकोले माँग र उपभोगको अनुपात बढेर यसले आर्थिक क्षेत्रमा नकारात्मक असर बढाउँदै गएको छ। यसलाई नियन्त्रण गर्न आन्तरिक उत्पादन क्षमतालाई बढाउनुको कुनै विकल्प छैन।

आफ्नो घोषणा पत्रमा वैज्ञानिक कृषिको अवधारणा सामेल गरेको राजनीतिक दलहरू दशकौं बिताएर पनि सो बमोजिमको योजना दिन सकेको छैन। एक अर्कामाथि दोषारोपण गरेर संस्थागत भ्रष्टाचारमा लिप्त सबै दलहरू सत्ता प्राप्त गर्न जेपनि गर्न तयार रहन्छ। अवसरको अभावमा द्वन्द्व उठ्ने गरेको यथार्थलाई पनि पचाएर सत्तासंग टाँसिएर बस्ने दलहरू देशप्रतिको आफ्नो दायित्व बिर्सेको छ। परनिर्भरताको समस्यासंग सरकार उदासीन रहेपनि निजीक्षेत्र उत्साहित देखिएको छ। देश संघीय संरचनामा गएकोले प्रादेशिक समस्यालाई स्थानिय स्तरमा हल गर्ने उत्साह निजीक्षेत्रमा जागेको छ। केन्द्र सरकारले केन्द्रीय दायित्वलाई बिर्सन सक्दैन।

**के हो सहकारी कृषि ?**

सहकारी कृषि उत्पादन बढाउने सशक्त माध्यम बन्न सक्दछ। कृषिलाई उद्योगमा परिणत गर्न र उत्पादन क्षमता बढाउन सहकारी कृषिको अवधारणा धेरै उपयोगी छ। केन्द्र सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रले यो माध्यमबाट कृषिमा आमूल परिवर्तन ल्याउन सक्दछ। हरेक प्रदेशमा सहकारी कृषिको अवधारणा अनुसार एकै पल्ट कृषिमा आमूल परिवर्तन गर्न सकिने छ।

सरकार वा निजीक्षेत्रले आफ्नो स्वामित्वमा पाइलट कार्यक्रमको रूपमा कुनै एक ठाउँमा सहकारी कृषि फर्म संचालन गर्नु पर्दछ। सम्पूर्ण कृषि औजार, सिंचाईको सुविधा, दक्ष जनशक्ति, कृषि प्राविधिक, कृषि विज्ञका साथ कृषि फर्ममा माछापालन, मुर्गापालन, गाईभैंसीपालन, बाख्रापालन, मौरीपालन आदिका साथ आधुनिक विधिबाट कृषिकार्य संचालन गर्नु पर्दछ। खाद्यान्न, तेलहन, दलहन तथा तरकारी खेतीका लागि माटो परिक्षणदेखि लिएर उत्पादनसम्म स्थानिय कृषकलाई जानकारी गराउँदै जानु पर्दछ। कृषि निर्वाहमुखी पनि नरहेको अवस्थामा कृषिप्रति उदासीन भई रहेको कृषकलाई कृषिमा पुनर्स्थापना गर्नु सहकारी कृषिको मूल अवधारणा हो। सहकारी कृषिले आफूसंग रहेको स्रोत साधनको प्रयोग गरि कृषिमा बिषादि तथा रासायनिक मलको प्रयोग बन्द गरि जैविक बिषादि तथा कम्पोष्ट मलको प्रयोगबाट कृषिमा चार गुणा उत्पादन बढाउन सकिने प्रयोगबाट सर्वसाधारण किसानलाई जानकारी गराउँदै जानु पर्दछ।

साधन स्रोतको अभावमा कृषकहरू माटोको परिक्षण, सिंचाई, जोताई र रोपाई आदि समय अनुकूल गर्न नसकेर बाँछित उत्पादन लिन बञ्चित रहन्छन्। सहकारी कृषिले आफ्नो स्रोत साधनबाट उत्पादनमा चारगुना बढोत्तरी गरेर कृषकलाई आकर्षित पार्न सक्छ। सहकारी विधिले ३ वर्षमा माटोमा रहेको रासायनिक मलको प्रभाव हटाएर पूर्ण उर्वरक बनाउन सक्दछ।

सहकारी विधिद्वारा कृषकहरू आकर्षित भए पश्चात् सोही बमोजिम कृषिकार्य गर्नका लागि आग्रह गरेमा एउटा निश्चित भूखण्डमा (कम्तीमा १० बीघा) सहकारीले कृषिकार्य संचालन गर्नेछ। कृषकले उपलब्ध गराएको भूखण्डमा सहकारीले आफ्नो लागतको रकम लिई सम्पूर्ण कृषि उत्पादन कृषकलाई जिम्मा दिनु पर्दछ। सो उत्पादन विक्री वितरण गरि दिन आग्रह गरेमा सहकारीले उत्पादन भण्डारणदेखि बिक्री वितरणसम्मको जिम्मा लिनु पर्दछ। स्थानीय तथा टाढाको शहर वा विदेशमा उच्च मूल्यमा बिक्री वितरण भएमा लागत काटेर शुद्ध मूल्य किसानले पाउने उद्देश्य सहकारीले राख्नु पर्दछ।

**कृषकले उपलब्ध गराएको भूखण्डमा सहकारीले आफ्नो लागतको रकम लिई सम्पूर्ण कृषि उत्पादन कृषकलाई जिम्मा दिनु पर्दछ। सो उत्पादन विक्री वितरण गरिदिन आग्रह गरेमा सहकारीले उत्पादन भण्डारणदेखि बिक्री वितरणसम्मको जिम्मा लिनु पर्दछ। स्थानिय तथा टाढाको शहर वा विदेशमा उच्च मूल्यमा बिक्री वितरण भएमा लागत काटेर शुद्ध मूल्य किसानले पाउने उद्देश्य सहकारीले राख्नु पर्दछ।**

विभिन्न कारणले समाजमा टुटी रहेको पारस्परिक सम्बन्धलाई सहकारीले जोड्ने, भाईचारा सम्बन्ध बनाउन सहकारीले सहयोग गर्छ भने सहकार्य गर्न प्रेरित पनि गर्दछ। सहकारी कृषिका लागि १० बीघा जग्गा बनाउन १० जना जुट्नु पर्‍यो। सहकारी कृषिले सामाजिक सम्बन्धको बढोत्तरीका साथ कृषि उत्पादनमा क्रान्ति ल्याउने भएपछि देश आत्मनिर्भर बन्ने निश्चित छ। साधन स्रोत सम्पन्न व्यक्ति, कम्पनीले नेपालको तरकारी खाडी मुलुकमा, जापान, कोरियामा बेचेर डलर कमाई रहेका छन्। सहकारीले पनि नेपाली कृषकको उत्पादन विदेशसम्म पुऱ्याएर देशलाई कृषिक्षेत्रमा आत्मनिर्भर बनाउन सक्दछ।

सहकारी कृषिमा लागत, विधि प्रयोगमा ईमान्दारी, कृषकसँगको आत्मीय सम्बन्ध, योजना कार्यान्वयन तथा अनुगमन पक्षमा कडाई आदि गरेर केही वर्षमै प्रदेशहरू कृषिमा आत्मनिर्भर बन्ने निश्चित छ। यसलाई व्यक्तिगत आम्दानीको माध्यम नबनाई सेवामुखी र आत्मनिर्भरताको दिशामा कडा परिश्रमको खाँचो छ। परिस्थितिले पनि हामीलाई सक्षम बन्न प्रेरित गरि रहेको छ। उच्च मनोवलका साथ सहकारी कृषिको माध्यमले हामीले हाम्रो पौरख निखारौं।

janukjha24@gmail.com

## मधेश : सहकार्य...

समेत वामपंथी सरकार बन्नु चुकको अमिलो स्वाद जस्तो हुने कुरा भारतले बुझेको छ। फलतः उपेन्द्रको बोली फेरिएको छ र अब केन्द्रसंगको सम्बन्धलाई उनले अमिलो अंगूरसंग दाँजेका छन्। कुनै बेला भारतले नै विभाजित पारेको मधेशी जनअधिकार फोरम,नेपालको पुनर्संगठनका लागि फेरी उही भारतले दिएको सहयोग उत्तिकै सहृदयताका साथ स्वीकारेका उपेन्द्र भू(राजनीतिक बाध्यता र समयको तकाजालाई बुझेकै हो।

यी सबै स्थिति र संभावनाहरूको आलोकमा मधेशले उही "व्यवहार र सिद्धान्त"को समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ, विद्यमान अपूर्ण संघीयतालाई बचाउनका लागि भएपनि।

स्थानीय निर्वाचन सम्पन्न भएको १ बर्ष पुरा भएको छ। त्यस बेला देखि मधेशी पक्ष मूलतः २ न. प्रदेशको स्थानीय सरकारमा कायम छ। केही पछि त प्रदेशको सरकार नै मधेशी नेतृत्वको बन्यो। यस अवधिको मूल्यांकन गर्दा मधेशी सत्तापक्षले मधेशतिर फर्कदा देखिने मधेशी मानसिकता र काठमांडू तिर फर्कदा देखिने फरक अवस्थाका बीच कसरी काम गर्ने, यसको निर्धारण गर्न सकेको देखिदैन। यसको निर्धारण हुनु जरूरी छ।

आशा गर्दछु कि यस बिषयमा थोरै भएपनि सार्थक र दिशा निर्धारक बहस होस्।

## सिंहदरबारले अधिकार दिन चाहेन : मुख्यमन्त्री

जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले सिंहदरबारमा बस्नेहरूले जनताको अधिकार आफ्नै मुट्ठीमा राख्न चाहेको टिप्पणी गरेका छन्। प्रदेशलाई अधिकार नदिइएका कारण आम नागरिकले सुशासनको अनुभूति गर्न नसकेको उनको गुनासो छ। 'राजनीतिक दलका नेताले मुस्किलले संघीयता स्वीकार गरेको तर सिंहदरबार भित्रका ब्युरोक्रेट्सहरूले मुलुकभर शासन गर्ने पुरानो मानसिकता त्याग्न सकेका छैनन्', उनले भने। स्थानीय तह कर्मचारी मिलन केन्द्र प्रदेश २ को प्रादेशिक भेलालाई सम्बोधन गर्दै उनले सिंहदरबारभित्रका माथिल्लो तहका कर्मचारीको मानसिकतामा सुधार नआएसम्म मुलुकमा भ्रष्टाचार नियन्त्रण, विकास निर्माण तथा सुशासन आउन नसक्ने दाबी गरे। नेपालको संविधानको धारा २२७ ले स्थानीय तहका कर्मचारीका लागि ऐन कानुन बनाएर व्यवस्थापन गर्ने अधिकार प्रदेश सरकारलाई दिए पनि संघीय सरकारले करार सेवाका कर्मचारी बहाली गरेको आरोप उनले लगाए। उनले प्रश्न गरे, 'प्रदेश सरकार प्रदेश प्रहरी तथा लोकसेवा गठन गर्ने कानुन बनाउने अन्तिम तयारीमा छ। काम थालिसकेका बेला करार सेवाका कर्मचारी बहाली गर्नुको कारण के हो ?' उनले स्थानीय स्वायत शासन ऐनको कार्यान्वयन सिंहदरबारकै कारण हुन नसकेको र स्थानीय तहका कर्मचारीहरू यसै कारण मर्कामा परेको पनि बताए।

# पार्टी ६ नेतामा मात्र सीमित भयो

निर्वाचनदेखि अहिलेसम्म कुनै प्रकारको बैठक वा छलफल भएका छैनन् । त्यसकारण हामीलाई किन निष्क्रिय पारिएको भन्ने गुनासो छ । उनीहरू आफूहरूलाई पनि सक्रिय पारिनु पर्छ भन्ने चाहन्छन् । अगाडी बढ्नुपर्छ भन्ने भावना पनि छन् । त्यसले गर्दा कार्यकर्ता पंक्तिमा निराशापन छाइरहेको अवस्था छ ।



लक्ष्मणलाल कर्ण

सांसद तथा सहअध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

**० राष्ट्रिय जनता पार्टी नेपाल गठन भएको एक वर्ष पूरा भएको छ, यो अवधि कस्तो रह्यो ?**

– राष्ट्रिय जनता पार्टी गठन भएको एक वर्षको उपलक्ष्यमा हामीले खुशीयाली मनाएका छौँ । देशका विभिन्न ठाउँमा कार्यक्रम गरी मनाएका छौं ।

**० यो एक वर्षको अवधिमा राजपाको उपस्थितिलाई कसरी स्व-मूल्यांकन गर्नु हुन्छ ?**

– मधेशमा एक किसिमको भावना थियो कि मधेशका सबै पार्टीहरू जुट्नुपर्छ । त्यही भावनाअनुरूप छ वटा पार्टीबीच एकीकरण भई राजपा गठन भयो । छ वटा पार्टी जुटेका कारणले मधेशले स्वागत गऱ्यो, मधेशभरि खुशियाली मनाइयो । त्यसकै प्रतिफल केन्द्रको निर्वाचन होस् या प्रदेशको, दुवै निर्वाचनमा हामीले राम्रो परिणाम पाएका छौं । ६ पार्टी एक हुनुलाई जनताले प्रशंसा पनि गरेका छन् र राम्रो प्रतिफल दिएका छन् । जहाँसम्म राजपाको प्रस्तुतिको कुरा छ, पार्टीका नेतादेखि लिएर जनतासमेत प्रभावित भए । विगतमा देखिएका क्रियाकलाप के देखियो भने ६ जना नेतामा मात्र पार्टी निहित रहेको छ । यसले ठाउँ-ठाउँमा सन्तोषजनक नै देखाएको छ । जनता पक्षबाट हेर्दा ठिक्कै रह्यो तर, कार्यकर्ताको पक्षबाट हेर्दा पार्टी सञ्चालन विधिमा कमी कमजोर भयो, हामीलाई उपेक्षा गरियो भन्ने जस्ता कुरा पनि आइरहेका छन् ।

**० राजपा नेपाल गठन हुँदा मधेशमा एक किसिमको उत्साह छाएको थियो तर एक वर्षपछि जनताबाट कस्तो प्रतिक्रिया आइरहेको छ ?**

– जनताबाट त राम्रै प्रतिक्रिया पाइरहेका छौं, जनताले स्वागत पनि गरिरहेका छन् । म त गाउँ-गाउँमा जनतासँग प्रत्यक्ष भेट्दैछौं, जनतामा कुनै किसिमको निराशा छैन । जनताका अपेक्षा बढी छन् । जनताले संविधान संशोधन, आन्दोलनकारीमाथि लागेको झुठा मुद्दा फिर्ता, विकासका लागि लालायित छन् । जुन स्वाभाविक पनि हो । तर पार्टीका कार्यकर्ताहरूले हाम्रो दायित्व कम भो कि, हामीलाई कहिल्यै पनि सोधिएन भन्ने गुनासो गरिरहेका छन् ।

**० यस्ता गुनासा किन आए होलान् ?**

– यसको कारण ६ जना अध्यक्षहरूले आपसमा मात्र छलफल गर्ने, आफूमा मात्रै शक्ति सीमित राख्ने जस्ता प्रवृतिले हो । अन्य पदाधिकारीलगायत जुन केन्द्रीय समितिमा छन् तिनीहरूसँग निर्वाचनदेखि अहिलेसम्म कुनै प्रकारको बैठक वा छलफल भएका छैनन् । त्यसकारण हामीलाई किन निष्क्रिय पारिएको भन्ने गुनासो छ । उनीहरू आफूहरूलाई पनि सक्रिय पारिनु पर्छ भन्ने चाहन्छन् । अगाडी बढ्नुपर्छ भन्ने भावना पनि छन् । त्यसले गर्दा कार्यकर्ता पंक्तिमा निराशापन छाइरहेको अवस्था छ ।

**० तर, राजपाको विधानमै त अध्यक्षमण्डलमा सबै निर्णय निहित हुने भनिएको छ नि ?**

– ६ अध्यक्ष मण्डलको निर्णय मात्रै होइन कि त्यो निर्णय तल पनि जानुपर्छ । गाउँस्तरसम्मका कार्यकर्तालाई पनि पार्टीमा समावेश गराउनुपर्दछ । यो पार्टी ६ अध्यक्षमण्डलको मात्रै होइन कि गाउँस्तरसम्म पनि हो । जबसम्म केन्द्रको निर्णय गाउँसम्म पुग्दैन, त्यो निर्णयमा गाउँसम्मका कार्यकर्तालाई सहभागी गराइदैन, तबसम्म यो असन्तोष हुनु स्वाभाविक नै हो । अध्यक्षमण्डलमा मात्र पार्टी सीमित नराखि यसलाई प्रत्येक कार्यकर्तासम्म पुऱ्याउनुपर्छ । यसको आकार बढाउनु पर्छ भन्ने कार्यकर्ताको धारणा हो ।

**० तपाईंहरूले निर्वाचनबाट जनादेश के पाउनुभएको छ ?**

– हीले निर्वाचन घोषणापत्रमा निर्वाचन पनि एउटा आन्दोलन नै हो भनेका थियौं । हामीले मधेशी, आदिवासी, जनजाति, थारू, महिला, मुस्लिमका अधिकार सुनिश्चित गराउँछौं भन्ने कुरा गरेका थियौं र त्यसलाई अब जनताले कहिले होला, कसरी होला भन्ने जिज्ञासा आउनु स्वाभाविक नै हो ।

**० राजपाले एक वर्षभित्र महाधिवेशन गर्ने भनेको थियो, तर अहिलेसम्म महाधिवेशनको अत्तोपत्तो छैन । किन यस्तो भएको होला ?**

– महाधिवेशनको कुरा नउठेको त होइन । महाधिवेशनको चर्चा पटक-पटक भएको हो । महाधिवेशन गर्नका लागि केही समय चाहिन्छ । पार्टी गठन गरिसकेपछि निर्वाचनमा पार्टीको संलग्नता बढी रह्यो । स्थानीय तहको दुई चरणको निर्वाचन हामीले बहिष्कार गऱ्यौं, पछि तेस्रो चरणमा सहभागी भयौं । निश्चित रूपमा निर्वाचन पनि आफैमा पार्टीका लागि परीक्षा पनि थियो । जनतासँग पार्टीलाई जोड्ने एउटा अभियान पनि हो । यसमा पार्टी लाग्यो । अब पार्टीको महाधिवेशन गर्ने तिर हामी लागेका छौं । एक वर्षमा हामीले महाधिवेशन गर्ने भनेका थियौं र निश्चित रूपमा एक वर्षभित्र गर्नुपर्थ्यो । तर हुन नसकेको कारणले संविधानले ६ महिनाको प्रावधान राखेको छ । अब ६ महिनाभित्र महाधिवेशन गर्नैपर्छ, त्यो बाध्यता पनि हो ।

**० अन्य राष्ट्रिय दलले संसदीय दलका नेता चयन गरिसकेका छन्, तर राजपामा अहिलेसम्म अन्योलता देखिएको छ । कहिलेसम्म संसदीय दलको नेता चयन गर्नुहुन्छ ?**

– राजपाले छान्न नसकेको भन्ने होइन । नयाँ पार्टी बनेका कारणबाट संसदीय दलको विधान थिएन । विधान निर्माणका लागि हामीले पछिल्लो बैठकबाट निर्णय गऱ्यौं । विधान बनाउने जिम्मेवारी मैले पाएको थिएँ र मैले विधान पार्टीलाई बुझाइसकेको छु । तर हाम्रो पार्टीका अध्यक्ष मण्डलका संयोजकको अस्वस्थताका कारण बैठक बस्न सकेको छैन । अब हामी केही दिनभित्र नै बैठक बस्दैछौं । त्यो बैठकले विधानलाई स्वीकृति गर्छ, अनुमोदन गर्छ र अनुमोदन भइसकेपछि संसदीय दलको नेता चयन गर्नलाई पार्टीलाई कुनै अप्ठयारो हुँदैन ।

**० संसदीय दलका नेता छान्न पार्टी भित्रै विवाद छ नि ?**

– त्यस्तो केही पनि होइन । यो पार्टी एउटा प्रजातान्त्रिक पार्टी हो । पार्टीले नेताको लागि पनि सर्वसम्मत प्रयास गर्छ । भएन भने जुन लोकतान्त्रिक विधि हो, चुनाव गरेर टुंगो लाग्छ । यसमा कुनै अड्चन, बाधा, अवरोध, विवाद आउने त अवस्था नै छैन ।

**० संसदीय दलका नेताका लागि राजपामा चुनाव पनि हुन सक्छ ?**

– होइन, सबै पार्टीमा हुन्छ भने राजपामा किन हुन सक्दैन । चुनाव भयो भने आश्चर्य मान्नुपर्छ र ।

**० तपाईंले तयार पारेको विधानमा के कस्ता विषय समावेश छन् ?**

– त्यस विधानमा संसदीय दलको सञ्चालनको विधि, अनुशासनको विधि हुन्छ । संसदीय दल निर्माणको विधि हुन्छ । संसदीय दलका नेता प्रमुख सचेतक छानिन्छ । त्यो मार्फत सबै सांसदहरूलाई संसदभित्र काम गर्ने जिम्मेवारी तोकिन्छ । त्यसैका लागि यो विधान तयार पारिएको छ ।

**० राजपाको महाधिवेशनबाट पहिलेको जस्तै अध्यक्षमण्डलीय प्रणाली हुन्छ कि एकल अध्यक्षीय पद्दतिमा जान्छ ?**

– महाधिवेशन हुने बेलामै नीति, नियम के रहेछ, के परिवर्तन गर्ने भन्ने कुरा महाधिवेशन समितिले निश्चित गर्छ । त्यसपछि, विधानमा संशोधन गर्नु परे पनि महाधिवेशनले नै गर्छ । महाधिवेशनको तिथि तोकि सकेपछि प्रतिनिधिहरूको छनौट गरिने छ । त्यसपछि त्यहीं मौकामा विधान बनाइन्छ, नीति निर्माण हुन्छ । घोषणा नियम कानुनको दस्तावेज तयार हुन्छ । त्यो दस्तावेजलाई फेरि महाधिवेशनले अनुमोदन हुन्छ । ६ अध्यक्ष राखेर जाने या एउटा अध्यक्ष बनाउने भन्ने कुरा विधान निर्माण गर्दा तय हुन्छ ।

**० राजपाले अबको दिनमा राष्ट्रिय राजनीतिमा कस्तो भूमिका निर्वाह गर्नेछ ?**

– हामीले यो देशमा उत्पीडित, शोषित र बहिष्कृत समुदायको अधिकारका लागि आवाज उठाउँदै आएका छौं । हाम्रै आन्दोलनबाट केही मात्रामा त्यो अधिकार प्राप्ति पनि भएको छ । बाँकी रहेका मुद्दाका लागि निरन्तर लडिरहने छौं ।

**० तपाईंहरूको आगामी राजनीतिक एजेन्डा के हुनेछ ?**

– पहिलेको एजेन्डा पूरा नभएको संविधान संशोधन हो । आन्दोलनताका लागेका मुद्दालाई फिर्ता गर्नु हो र देशको विकास समानुपातिक एवं समावेशी ढंगबाट सम्पूर्ण मधेशका लागि राज्यले सोच्नुपर्छ । जसरी मधेशसँग विभेद हुँदै आएको छ त्यस किसिमको भेदभाव नगरी समानुपातिक विकासका लागि हामी प्रयासरत् रहन्छौं ।

**० संविधान संशोधनको विषयमा के भइरहेको छ ?**

– संविधान संशोधन गर्छौं भन्ने कुरा प्रधानमन्त्रीले भनि रहनुभएको छ तर के संशोधन, कसरी संशोधन, के विषयमा संशोधन लगायतका विषयमा गृहकार्य भएको छैन । त्यो काम सुरू भयो भने संविधान संशोधन हुन्छ । भएन भने संसदमा फेरि हामी आवाज उठाउँछौं ।

**० विगतमा जुन माग उठाएर आन्दोलन गर्नुभएको थियो, त्यहीं मागहरू फेरी उठाइन्छ कि केही परिमार्जन हुन्छ ?**

– हामीले सुरूमा ३३ बुँदे संविधान संशोधन प्रस्ताव दिएका थियौं, त्यसमा हुँदा पाँच बुँदामा आयौं, पाँचबुँदे पेश पनि भयो र पाँचबुँदे पेश हुँदाको अवस्थामा दुई तिहाई नपुग्दा भएन । अहिले हामी ३३ बुँदामै संशोधन चाहन्छौं ।

**० राजपा सरकारमा जान्छ त ?**

– राजपा सरकारमा जाने बाहिर चर्चा मात्रै हो । राजपाले सुरूदेखि भन्दै आएको छ संविधान संशोधन र मुद्दा फिर्ता नभइकन हामी सरकारमा जाँदैनौं । आज पनि हामी यही बाटोमा अडिग छौं ।



विजयकुमार यादव

आर्थिक मामिला तथा रोजगारमन्त्री, प्रदेश २

# बजेटमा कृषि र सिंचाइलाई प्राथमिकता

प्रदेश २ का जनता र यहाँका सरकार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरधाममा हुने भ्रमणलाई लिएर एकदम उत्साहित छन् । उहाँको स्वागतका लागि यहाँका सरकार र जनता तयारी अवस्थामा छन् ।

**० प्रदेश २ मा आर्थिक नीतिहरू कस्तो बन्दैछ ?**

– अहिले त भर्खरै बजेट भाषण भएको छ । यो संक्रमणकालीन अवस्था हो, सबै प्रदेशलाई बराबरी र समानताको आधारमा एक अर्ब, दुई करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ । त्यहीं रकमलाई हामीले अहिले विनियोजन गरेका छौं । आर्थिक विधेयकमाथि प्रदेश संसद छलफलमा हुँदैछ ।

**० प्रदेशसभाको बजेटमा बढी प्राथमिकतामा के-के छन् ?**

– प्रदेश २ भनेको शतप्रतिशत कृषिमा आधारित प्रदेश हो । त्यसैले हामी कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका छौं ।

**० कृषिको योजनाहरू के-के छन् ?**

– बजेटमा हामीले कृषि र सिँचाइलाई प्राथमिकता दिएका छौं । कृषि क्षेत्रलाई अगाडि बढाउन यो एउटा सुरूवात मात्रै हो । यसभित्रका विषयवस्तु अहिले हामी सदनमा लगेका छैनौं, नीति तथा कार्यक्रम मात्रै हो ।

**० प्रदेश २ को अर्थतन्त्रलाई उकास्न प्रदेश सरकारको योजना के छ ?**

– नेपालमा शासन व्यवस्था सुरू भएदेखि नै ऊर्जा र विकासको नारा दिदै आएको हो । तर, प्रदेश २ मा ऊर्जाको दृष्टिकोणले हेर्ने हो भने जलविद्युतको सम्भावना छैन । बाँकी सबैथोक प्रदेश २ मा छन् । जल विद्युत नभएपनि कृषिलाई अगाडि बढाउने योजना बनाएका छौं । कमला-कोसी डाइभर्सनको हामी केन्द्रसँग माग गरेका छौं । कमला-कोसी डाइभर्सन बनायौं भने जल विद्युत पनि उत्पादन गर्न सकिन्छ । त्यसबाट लगभग ६-७ जिल्लालाई पूर्णरूपेण संचित हुने हिसाबले केन्द्रसँग नीति तथा कार्यक्रममा माग गरेका छौं । यदि त्यसो भयो भने कृषिका लागि सिँचाइको समस्या समाधान हुन्छ ।

**० प्रदेश सरकराले सार्वजनिक गरेको सयदिने कार्ययोजना कति लागू भएको छ ?**

– सयदिने कार्ययोजना र नीति तथा कार्यक्रममा केन्द्रित भएर हामीले अहिलेको बजेट विनियोजन गरेका छौं । प्रदेश २ को अवस्था हेर्दा सबभन्दा बढी पिछडिएको शिक्षा क्षेत्र हो । गरिबी त्यतिकै छ, बेरोजगारी त्यतिकै छ, यी सबैलाई समेटेर हामी अहिले बजेट विनियोजन गरेका छौं ।

**० कार्ययोजना सय दिनमै लागू हुने सम्भावना कति छ ?**

– जुन दिन हामीले सयदिने कार्ययोजना सार्वजनिक गऱ्यौं त्यहीं दिनदेखि यसको कार्यान्यवन सुरू गरिसकेका छौं । जस्तै, बेटी पढाउ बेटी बचाउ, शिक्षा क्षेत्रलाई प्राथमिकताका साथ लागिसकेका छौं । स्वच्छता अभियान पनि सुरू गरेका छौं । सय दिनभित्रै पूरा गर्ने त्यस्तो छैन । सुरूवात गर्ने र यसलाई एउटा नीतिकै रूपमा जाने योजना छ ।

**० बेटी बचाउ बेटी पढाउ अभियान प्रभावकारी बनाउन कति चुनौती देख्नु भएको छ ?**

– नेपालमा गर्नका लागि कुनै पनि कामलाई चुनौतीकै रूपमा लिएर गर्नुपर्छ । विगतमा पनि धेरै नीति तथा कार्यक्रम बनाइयो तर प्रभावकारी कार्यान्वयन भएन । प्रदेश २ ले जुन नीति लिएको छ, त्यो नीतिको कार्यान्वयनसम्म पुग्ने लक्ष्य हो । प्रदेश २ को सरकारले त्यो अभियानलाई सुरूवात गर्ने र पूरा गर्न प्रतिबद्ध छ ।

**० महिलामाथि हुने विभिन्न खाले हिंसालाई रोक्न के कस्ता नीति बनाउँदै हुनुहुन्छ ?**

– महिलामाथि हुने हिंसाप्रति प्रदेश सरकार शून्य सहनशीलता अपनाइएको छ । कडा कानून बनाएर सरकारले कार्यान्वयन गर्ने नीति अपनाएका छौं ।

**० दाइजो प्रथा उन्मूलनका विषयमा के छ नीति ?**

– दाइजो प्रथा भनेको अशिक्षित समाजमा हुन्छ । हाम्रो प्रथम लक्ष्य नै हो बेटी बचाउ बेटी पढाउ हो । महिला शिक्षित भएपछि समाजमा दाइजो प्रथाको अन्त्य हुन्छ, त्यो विश्वास सरकारले लिएको छ ।

**० तर, सबभन्दा बढी दाइजो लिने दिने बढी शिक्षित परिवारमा नै हुने गरेको पाइएको छ ?**

– हामीले सबभन्दा पहिला यो दाइजो प्रथाप्रति जुन किसिमको मानसिकता छ त्यसलाई अशिक्षाको नमूना भनेका छौं । छोरीप्रति समाजमा जुन किसिमको मानसिकता छ त्यसलाई निर्मूल पार्ने हाम्रो सोच छ ।

**० समाजमा जडा गाडिसकेको दाइजोबाट प्रदेश २ मुक्त हुन सक्छ ?**

– एकदमै हुन्छ । यसका विरूद्धमा हामी कानून बनाउँदैछौं र त्योअनुसार हामी कार्यान्वयन गर्छौं । सबभन्दा पहिला त छोरीलाई शिक्षित बनाउनुपर्छ । छोरी शिक्षित भएपछि यसले घर, परिवार, समाज र देशमा सकारात्मक प्रभाव पार्छ भन्ने हिसावले अभियान चलाउँछौं । महिला हिंसालाई शून्यमा झार्ने हाम्रो लक्ष्य हो ।

**० प्रदेश २ का जनताले संघीयता र सरकारको अनुभूति कति गर्न पाएका छन् ?**

– प्रदेश २ का जनताले संघीयताको अनुभूति नगरेको भए संघीयता लागू नै हुने थिएन । नेपालमा संघीयताको स्थापना मधेशी समूदायकै कारणले नै भएको हो । त्यसैले संघीयतालाई संस्थागत गर्नका लागि प्रदेश २ का जनता एकदम सचेत भएका छन् । प्रदेश २ मा जुन किसिमले संघीयताको अभ्यास हुन्छ त्यसले नै नेपालमा संघीयताको भविष्यको निर्धारण गर्छ ।

**० प्रदेश २ का मुख्यमन्त्रीदेखि मन्त्रीहरूसम्म कामभन्दा कुरा बढी गरेको भन्ने आरोप छ के भन्नुहुन्छ ?**

– प्रदेश २ को तुलनामा अन्य कुन प्रदेशमा धेरै काम भएको छ ? कसैले गरेका छैनन् । हामीमाथि आरोप मात्रै लगाइरहेका छन् । संघीयतामाथि प्रहार गर्ने हिसावले एउटा डिजाइन मात्रै हो ।

**० प्रदेश मन्त्रीहरू सामान्य उद्घाटन, सभा, समारोह लगायतमा बढी सहभागी भयो भन्ने आरोप पनि छ नि ?**

– म पनि प्रदेश २ का एउटा मन्त्री हुँ । आजसम्म म कुनै कार्यक्रममा सहभागी भएको छैन । आवश्यक नपरेको ठाउँमा हामी भाषण गरेका छैनौं । जनतालाई काम परेको ठाउँमा सरकार नपुग्नु यो पनि नकारात्मक कुरा हो । हामी सामान्य कार्यक्रममा मात्रै सहभागी भएको भन्ने आरोप मात्रै हो । यो भनेको संघीयतामाथिको प्रहार हो ।

**० प्रदेश २ मा अन्य दलबाट सरकराले कति सहयोग पाइरहेको छ ?**

– प्रदेश २ मा वाम गठबन्धनले हामीलाई समर्थन गरेको छ र कांग्रेसले अहिलेसम्म समर्थन गरेको छैन । तर, हामीले प्रदेश २ को विकास र समृद्धिका लागि सबै दलसँग छलफल गर्दै आएका छौं ।

**० प्रदेश २ को नाम, स्थायी राजधानी र कामकाजीको भाषाको कहिले टुंगो लाग्छ ?**

– सरकारी कामकाजको भाषाको हकमा सबै भाषा राष्ट्रिय भाषा हो । संविधानले नै भनिसकेको छ । नाम र राजधानीको विषयमा छिट्टै सदनमा प्रस्ताव ल्याउँदैछौं । सर्वदलीय छलफलबाट निर्णय हुनेछ । प्रदेश २ को नाम सहमतिबाट राख्ने हो । खासगरी प्रदेश २ मधेशको केन्द्र भएकोले आन्दोलनको आधारमा नाम राखिनेछ ।

**० तपाईंहरूले प्रदेश २ लाई मधेश प्रदेश स्वीकार गरिसक्नुभएको हो ?**

– हाम्रो प्रथम मधेश आन्दोलनका बेलादेखि नै उठेका मुद्दाहरूमा प्राप्त भएका उपलब्धिको रक्षा गर्ने र बाँकी कुराका लागि संघर्षरत रहन्छौं । यो नीति नै हो हाम्रो । हाम्रो जुन लक्ष्य छ त्यो प्राप्त भएको छैन । प्रदेश २ को सरकारले पनि संघर्षको एउटा नीति बनाउँछ र त्यो अनुसार हामी अगाडि बढ्छौं ।

**० भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण हुँदैछ र यसै क्रममा प्रदेश राजधानी जनकपुरधाम पनि जाने तय भएको छ । उहाँको स्वागतका लागि प्रदेश सरकार के गर्दैछ ?**

– प्रदेश २ का जनता र यहाँका सरकार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरधाममा हुने भ्रमणलाई लिएर एकदम उत्साहित छन् । उहाँको स्वागतका लागि यहाँका सरकार र जनता तयारी अवस्थामा छन् । प्रदेश २ मा एकदमै उत्साहजनक अवस्था छ । उहाँको भ्रमणको पूर्वतयारीका लागि नेपालका लागि भारतीय राजदूत मन्जीवसिंह पुरी पनि यहाँ आएर प्रदेश प्रमुख र मुख्यमन्त्रीसँग छलफल गरेर जानुभएको छ ।

# 'राजपा फोहर भयो, त्यसैले अलग भयौं'



सुभाष चन्द्र विराजी

**यदि कुनै ठाउँ फोहोर छ भने पहिले त्यो ठाउँ सफा बनाउनुपर्छ । यदि सफा बनाउँदा बनाउँदै पनि सफा भएन भने छुट्टै ठाउँमा गएर बस्नुपर्ने हुन्छ । त्यसकारण हामी पनि यहि अवधारणा अनुसार पार्टीबाट बाहिर निस्केर देश र जनताको हक हितका लागि सच्चा देशभक्त भएर राजनीति गर्नेछौं । राजनीति भनेको पैसा कमाउने ठाउँ होइन, सेवा गर्ने ठाउँ हो ।**

जब राष्ट्रिय जनता पार्टी नेपाल गठन भयो, त्यसको मूल उद्देश्य मधेश आन्दोलनको उपलब्धीलाई संस्थागत गर्नु थियो । जुन उद्देश्यका लागि ६ वटा अलग-अलग पार्टी चलेको थियो पछि एक ठाउँमा आएर एउटा पार्टी गठन भयो । तर त्यो उद्देश्यबाट राजपाका नेताहरू अगाडी नबढेपछि हामीलाई के लाग्यो भने यो ठाउँमा बसेर यो देशका लागि, मधेशका लागि केही गर्न सकिन्न । त्यसकारणले हामीले छलफल गरेर पार्टीबाट अलग भएर बस्ने निर्णय गरेका हौं ।

पार्टीभित्रैका नेतृत्वसँग छलफल नभएको पनि कुरा नभएको होइन । तर राजपाका ६ जना नेताहरू एक ठाउँमा आउँदा जसरी समन्वय हुनुपर्ने हो, जुन उद्देश्यका साथ पार्टी गठन गर्ने समयमा जनतामा प्रतिबद्धता गरेका थिए, त्यो प्रतिबद्धता अनुसार गर्न सकेनन । त्यसो गरेको भए र हामी युवाहरू केही नयाँ होस् भनेर नै राजपामा लागेका थियौं । उनीहरूले के का लागि राजनीति गर्न लागेका हुन भन्ने देखाउन सकेनन । यदि राजनीति गरेर जनतालाई फाइदा छैन भने त्यस्तो राजनीति किन गर्ने ? त्यसकारण हामीलाई के लाग्यो भने यो ठाउँमा बसेर हामीले उनीहरूलाई धेरै पटक भन्यौं तर नमानेका कारण बाध्य भएर हामी हट्नुपर्ने अवस्था आयो ।

नयाँ पार्टी गठन गर्नका लागि भित्र त धेरै पहिलेदेखि नै उकुसमुकस थियो । कुनै पनि व्यक्तिले पार्टीका लागि, जनताका लागि काम गर्छ, राजनीति गर्छ भने एउटा उद्देश्य प्राप्तिको लागि काम गर्छ । किन हामीले राजनीति गरिरहेका छौं ? यदि राजनीति गरेर जनतालाई फाइदा हुँदैन भने त्यस्तो राजनीति हामी नगरौं भन्छु म । जुन उद्देश्यका लागि हामी त्यहाँ गएका थियौं त्यो उद्देश्य पूरा नभए पछि सधै जनतालाई मार्न, आन्दोलनमा उर्तान र जनतालाई उक्साएर आफूलाई भने राजनीतिक सेटलमेन्ट होस् र आफू जितेर सत्तामा पुगौं भन्ने मात्र हो भने त उनीहरूले कस्तो राजनीति गरेका हुन भन्ने थाहा नै होला तर हामी भने फरक किसिमको राजनीति गर्ने सोच बोकेर आएका छौं । एकाईसौं शताब्दीमा आएर पनि पहिलेको जस्तो राजनीति गरियो भने सफल भइन्छ जस्तो मलाई लाग्दैन ।

राजपा नेपालको नेतृत्व मन नपर्नुको धेरै कारण छन् । सर्वप्रथम त राजपाका ६ शीर्ष नेताहरू एक ठाउँमा आउँदा त्यसलाई हामीले स्वागत गऱ्यौं । हामी सबै युवा त्यसमा आबद्ध भयौं । त्यस समयमा उनीहरूले मधेश र मधेशीका लागि केही उल्लेखनीय काम गर्छन कि भन्ने लागेको थियो र हामीलाई विश्वास पनि थियो तर एक वर्ष बितिसक्दा पनि ती नेताहरू केही गर्न सकेनन ।

यो अवधिमा आन्दोलन मात्र भयो । त्यस आन्दोलनमा सर्वसाधरण जनताको मृत्यु भयो । त्यति मात्र होइन राजपा पार्टी स्थापित भइसकेपछि निर्वाचनको समयमा आन्दोलनबाट मृत्यु हुनेको परिवारको अवस्था हेरेर टिकट वितरण गर्नुपर्नेमा त्यस्तो केही भएन । ६ नेताहरूले पार्टी नचलाएर परिवार चलाएको जस्तो गरेका छन् । पार्टीका लागि संघर्ष गर्ने मान्छे हुँदा हुँदै पनि आफ्नो मान्छेलाई टिकट वितरण गरियो । नातावाद, कृपावादलाई अंगालेर आफ्ना परिवारको बारेमा मात्र हेरेर पार्टी चलाउने पक्षमा उनीहरू छन् ।

हाम्रो पार्टीको मूल उद्देश्य भनेको देशमा कस्तो किसिमको लोकतन्त्रको आवश्यकता छ त्यसमा स्पष्ट हुने हो । समाजमा विभिन्न किसिमका विकृति छन् । हामी राष्ट्रियताको कुरा गर्छौं । वास्तवमा हामी यहि देशमा बसेर राष्ट्रियता बनाउनुपर्न जरूरी छ । जब हामी नेपाल बाहिर जान्छौं, हाम्रो परिचय भनेको नेपाल हो । जब हामी काठमाडौं जान्छौं, हाम्रो परिचय जन्म जिल्ला हुन्छ, हामी जिल्लामा जान्छौं तब गाउँ भन्छौं । त्यसैले हरेक दृष्टिबाट राष्ट्रियता झल्केको हुन्छ । त्यसकारण राष्ट्रियतालाई कुनै पनि हालतमा छोड्नु हुँदैन । हाम्रो लक्ष्य भनेको लोकतन्त्र, राष्ट्रियता र समाजवाद हो । समाजमा जुन किसिमको विकृति रहेको हुन्छ, जात-जातबीचको द्वन्द्वलाई कसरी मिलाउने, हामी आफैमा रहेको द्वन्द्वबाट कसरी अगाडी बढ्ने, कसरी देशमा विकास गर्ने भन्ने विषयलाई प्राथमिकतामा राखेर हामी अगाडी बढ्छौं ।

हामीले अलग पार्टी बनाउँदा निराश हुने कुरा छैन । के चुनावका लागि मात्र आन्दोलन ? चुनाव जितेर आएको लामो समय हुँदा पनि अझैसम्म पनि गोन्जागोल छ ? जनता धेरै सजग भइ सकेका छन् । जनता अब पहिलेका जस्ता छैनन् । जनताले आफ्नो अधिकारको लागि आवाज उठाउँछन् । यदि आफू सहि बाटोमा हिंडेको छ भने त्यसमा साथ दिने मान्छे लाखौं हुन्छन् । यसमा विश्वस्त छु ।

हामीले अहिले ३३ जनाको केन्द्रीय समिति बनाएका छौं । वास्तवमा यो त अहिले सुरूवात मात्र हो । धेरै साथी आउन खोजि रहेका छन् । हरेक जिल्लामा हाम्रो कमिटि हुनेछ । जिल्ला र केन्द्र बीच समन्वय हुनेछ । हामीले त्यहाँबाट छनौट गरेर नेता तथा कार्यकर्ता ल्याउनेछौं । त्यसकारण देश प्रेम, मधेश प्रेम, हिमाल पहाड र तराई जोड्ने व्यक्ति नै छनौट गर्नेछौं । किनभने जबसम्म हामी एक हुँदैनौं तबसम्म हाम्रो राष्ट्रियता कमजोर रहन्छ । यो सबै कुरालाई मिलाएर हामी अगाडी बढ्नेछौं । केन्द्र र जिल्ला, जिल्ला र गाउँबीच राम्रोसँग समन्वय गरेर टिम बनाउनेछौं र त्यो टिमले केन्द्र स्तरसम्म काम गर्नेछ ।

पार्टी भित्र आउन धेरै साथीले इच्छा देखाएका छन् । हामीले पनि आह्वान त गरेकै छौं । तर कसलाई प्रवेश गराउने भन्ने कुरा हामीले निर्धारण गर्नेछौं । यसमा हामी प्रक्रियात्मक रूपमा अगाडी बढ्नेछौं । जुन व्यक्तिलाई जुन उपयुक्त हुन्छ त्यहि नै जिम्मेवारी सुम्पिदा हाम्रो पार्टी सफल हुन्छ जस्तो मलाई लाग्छ ।

यदि शरीरको कुनै ठाउँमा समस्या आयो भने त्यसलाई हामीले तुरून्तै उपचार गरेर समाधान गर्नु पर्दछ । यदि समयमा उपचार गरेन भने अंगभंग वा मृत्यु नै हुन सक्छ । त्यस्तै आफूमा नमिलेका वैचारिक कुराहरू छन् भने पहिले आफूबाट नै सुर्धान जरूरी हुन्छ । आफू नसुधिने अरूलाई भने दोष दिइरहने । राजपाका ६ शीर्ष नेतालाई अहिले अहम् छ । त्यसकारण यो सोचले न देशको विकास हुन्छ, न मधेशको विकास हुन्छ । विकास त हुन्छ तर व्यक्तिगत विकास हुन्छ । उनीहरूले गरेको कर्मको फल त मिल्छ नै । जहाँसम्म पार्टी विभाजनको कुरा हो, यदि कुनै ठाउँ फोहोर छ भने पहिले त्यो ठाउँ सफा बनाउनुपर्छ । यदि सफा बनाउँदा बनाउँदै पनि सफा भएन भने छुट्टै ठाउँमा गएर बस्नुपर्ने हुन्छ । त्यसकारण हामी पनि यहि अवधारणा अनुसार पार्टीबाट बाहिर निस्केर देश र जनताको हक हितका लागि सच्चा देशभक्त भएर राजनीति गर्नेछौं । राजनीति भनेको पैसा कमाउने ठाउँ होइन, सेवा गर्ने ठाउँ हो । यदि हामीमा सेवाको भावना छैन भने राजनीति नगरे पनि हुन्छ । हामीले यहि प्रतिबद्धता गरेर अगाडी बढ्नेछौं ।

*राजपा लोकतान्त्रिकका महासचिव सुभाषचन्द्र विराजीसँग मधेशवाणीका लागि गरिएको कुराकानीको सम्पादित अंश ।*

# रामायण सर्किट बनाउन मोदीलाई प्रस्ताव

जनकपुरधाम । संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री रवीन्द्र अधिकारीले जनकपुरलाई भारत श्रीलंका र इन्डोनेसियासँग जोडिने गरी रामायण सर्किट निर्माणको अवधारणा अघि बढाउने बताएका छन ।



पर्यटनमन्त्री रविन्द्र अधिकारी

जनकपुरमा स्थानीय पत्रकारहरूसँग कुरा गर्दै मन्त्री अधिकारीले रामायणसँग सम्बन्ध रहेका नेपाल, भारत, श्रीलंका र इन्डोनेसियाको बालीलाई जोड्ने गरी रामायण सर्किट निर्माणको काम अघि बढाइने जानकारी दिए । उनका अनुसार जनकपुरसँगै धनुषाधाम र लुम्बिनी पनि रामायण सर्किटमा जोडिने छन् । सर्किट बनाउने विषयमा भारतसँग छलफल भइसकेको बताउँदै मन्त्री अधिकारीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आसन्न नेपाल भ्रमणका क्रममा यस विषयमा विशेष छलफल हुने बताए ।

चार देशसँग जोडिएको सर्किटलाई नै पूर्ण बनाउन सके पर्यटकको ओइरो लाग्ने मन्त्री अधिकारीको दावी छ ।

उनले जनकपुरलाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न मुख्यमन्त्री लालबाबु राउतसँग छलफल गरेको जानकारी पनि दिए । मन्त्री अधिकारीले जनकपुर विमानस्थल स्तरोन्नतिको कार्ययोजना अघि बढाइएको जानकारी दिदै १ हजार ५ सय मिटरको धावनमार्ग निर्माणबाहेक अन्य काम चालु आर्थिक वर्षमै हुने बताए ।

उनले जनकपुरलाई विश्व सम्पदा सूचीमा पार्न आवश्यक कार्य अघि बढाइएको उनको भनाइ छ ।

## प्रदेश ५ मा पनि शहीद र घाइते परिवारलाई व्यवस्थापन गर्नुपर्छ : यादव



काठमाडौं । मधेश आन्दोलनका शहीद तथा घाइते परिवारको उचित व्यवस्थापनका लागि प्रदेश ५ मा संघीय समाजवादी फोरम नेपालले आवाज उठाइरहेको प्रदेशसभा सदस्य तथा प्रदेश ५ का फोरमका संसदीय दलका नेता सहसराम यादवले बताएका छन् ।

उनले प्रदेश २ मा रहेको फोरम नेतृत्वको सरकारले जस्तै प्रदेश ५ मा रहेका शहीद तथा घाइते परिवारहरूको जीवनयापनका लागि उचित व्यवस्था मिलाउन प्रदेश सरकारसँग कुरा गरिरहेको बताएका हुन् ।

मंगलबार मधेशवाणी रेडियो कार्यक्रमको एक अन्तर्वार्तामा फोरमका प्रदेश सभा सदस्य यादवले भने, 'हामीहरूको दायित्व शहीद तथा घाइते परिवारको सही व्यवस्थापन हो, त्यसैले प्रदेशसभाको बैठकमा बारम्बार आवाज उठाउँदै आएका छन् ।'

प्रदेश ५ का सरकार पनि शहीद तथा घाइते परिवारहरूलाई उचित व्यवस्थापनबारे सकारात्मक रहेको दाबी गरेका छन् । उनले देशमा संघीय, समावेशिता, लोकतन्त्र, गणतन्त्र लगायतका परिवर्तनमा मधेशी समुदायको उल्लेखनीय योगदान रहेकोले मधेशी शहीदको सम्मान गर्नुपर्ने बताए ।

## दलितलाई मन्दिर प्रवेशमा रोक

काठमाडौं । नेपालको संविधानमा दलित सम्बन्धि व्यवस्था तथा दलित आयोग हुँदा पनि दैनिकी कुनै न कुनै ठाउँमा दलितहरू अपहेलित हुँदै आएका छन् ।

गत शुक्रबारका दिन रौतहट जिल्लाको फतुवा विजयपुर नपा वडा नं ११ का भठीरागी टोल निवासी सुखदेव महराले आफ्नो कुलदेवता शोखा महाराजको पुजा शुरूवात गर्नका लागि गाउँकै सार्वजनिक स्थलमा रहेको ब्रह्म स्थानमा पुजा गर्न जाँदा त्यहाँका थारू समुदायले ब्रह्म स्थानमा पुजा गर्नबाट रोक लगाएका थिए ।

चमार जाति कम भएको र थारू समुदायको वर्चस्व रहेको ती टोलमा पीडित महरामाथि त्यहाँका नन्द लाल चौधरी, बजरंग चौधरी, फिरत चौधरी, पारस चौधरी र हरिलाल चौधरीले चमारलाई गालीगलौज, अपशब्द भाषाको प्रयोग गरिएको थियो ।

त्यस्तै, जियोर्धन चौधरी, भजन चौधरी, हरि चौधरी लगायत ठुलो संख्यामा आएका थारू युवा तथा महिलाको समूहले चमार जातिका महिलाहरू माथि दुर्व्यवहार गर्नुको साथै जबरदस्ती हातपात समेत गरेको थियो ।

घटनापछि आफ्नो दुःख पोख्दै दलित समुदायले भने, 'संबिधानमा जातीय भेदभाव तथा छुवाछुत गर्न कानूनी अपराध हो भने किन हामीलाई मदिरमा पुजा गर्न निषेध गरिएको छ र हामीले कहिले पाउने न्याय ?'

उक्त घटनाको सत्य तथ्य अनुसन्धानका लागि तराई मानब अधिकार रक्षक संजालले अनुगमन गर्ने कार्य गरिरहेको छ ।

## मधेश अपडेट

### धार्मिक पर्यटकीय प्रदेशको रूपमा विकास गर्ने मुख्यमन्त्री राउतको प्रतिवद्धता

जनकपुरधाम । प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेश २ लाई धार्मिक पर्यटकीय प्रदेशको रूपमा विकास गर्ने सरकारको पहिलो प्राथमिकता रहेको बताएका छन् । जनकपुरमा रामायण सर्किटले आज आयोजना गरेको रामायण मेलामा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले प्रदेश २ को विकासको प्रमुख आधार धार्मिक पर्यटन रहेको चर्चा गरे । जानकी नवमीको अवसरमा आयोजना गरिएको रामायण मेलामा मुख्यमन्त्री राउतले पर्यटन विकासको लागि सरकार प्रतिबद्ध रहेको पनि बताए । जानकी मन्दिरलाई आधार बनाएर धार्मिक सर्किटको योजना तयार गरिएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले प्रदेशका सबै धार्मिकस्थल तथा क्षेत्रहरूलाई एउटै लाइनमा जोडिएर पर्यटन करिडोर बनाउने योजना रहेको बताए । भारत सरकारको पहलमा निर्माण हुन लागेको रामायण सर्किटले जनकपुर र अयोध्यालाई मात्र जोडेको उल्लेख गर्दै राउतले त्यसलाई विस्तार गरेर भारतका अन्य धार्मिक स्थलसँग समेत जोड्ने योजना ल्याउने बताए ।

### प्रदेश २ संवेदनशील : गृहमन्त्री

बारा । गृहमन्त्री रामबहादुर थापा बादलले प्रदेश २ संवेदनशील प्रदेश भएकाले आवश्यक सुरक्षा रणनीति बनाउन गृह मन्त्रालय गम्भीर रहेको बताएका छन् । दुई नम्बर प्रदेशको प्रदेशस्तरीय सुरक्षा गोष्ठीको बुधबार सिमरामा उद्घाटन गर्दै गृहमन्त्री बादलले अन्य प्रदेशको तुलनामा प्रदेश २ को सुरक्षा अवस्था चुनौतीपूर्ण रहेकाले त्यसै अनुसारको सुरक्षा योजना बनाउने बताए । खुल्ला सिमाना, अपराध, तस्करी, सामाजिक हिंसा, भष्ट्राचार, प्राकृतिक बिपद्जस्ता समस्या दुई नम्बर प्रदेशमा बढी देखिने गरेको भन्दै गृहमन्त्री बादलले सुरक्षा गोष्ठीको सुरूवात पनि यसै प्रदेशबाट गरिएको बताए । गोष्ठीले दुई नम्बर प्रदेशको अपराध नियन्त्रण, जनताको सुरक्षा र सेवाको बिषयमा महत्वपूर्ण कार्ययोजनासहितको निष्कर्ष निकाल्ने बताए । 'नयाँ कार्ययोजनासहित सुरक्षा रणनीतिको निष्कर्ष निकाल्छौं' गृहमन्त्री बादलले भने, 'जसले जनताको सुरक्षा, जनतालाई दिईने सेवालाई सहज बनाउन मद्दत गर्छ ।' देशका सातै प्रदेशमा गरिने सुरक्षा गोष्ठीको सुरूवात प्रदेश २ बाट गर्नुमा राजनीतिक अस्थिरता एउटा कारण रहेको गृहमन्त्री थापाले बताए । प्रदेश २ मा राजनीतिक स्थायित्वलाई सुदृढ बनाएर अघि बढ्न अति आवश्यक रहेको भन्दै गृहमन्त्री बादलले यसै गोष्ठीले त्यस विषयमा पनि छलफल गर्ने बताए ।

### सांसद आलमद्वारा प्रसुतिगृह हस्तान्तरण

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजपुर नगरपालिका वार्ड नं. ९ बैरियामा नेपाल सरकार तथा बेलायत सरकारको सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था( आरआरएन) द्वारा सञ्चालित सामुदायिक विकास कार्यक्रम(सिडिपि) अर्न्तगत निर्माण गरिएको तीन कोठे प्रसुति भवन एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ । निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सांसद एवं पूर्व मन्त्री अफताब आलमले एक कार्यक्रमका बीच रिबन काटेर प्रसुती भवनको उद्घाटन तथा पूर्ण खोप घोषणा समेत गरेका हुन् । उद्घाटन कार्यक्रममा बैल्दै सांसद आलमले सिडिपिले जिल्लामा विकास निर्माण, क्षमता विकास, आयआर्जन, विपद् व्यवस्थापन तथा सामाजिक परिचालनमा पुऱ्याएको योगदानको कदर गर्नु पर्ने बताए । अत्यन्तै घना बस्ती र अधिक जनसंङ्ख्या भएको यो वडामा बहुसंख्यक मुस्लिम समुदायका बहुल क्षेत्र रहेको बैरिया सदरमुकामबाट नजिक भए पनि जिल्लाकै स्वास्थ्य, शिक्षा र पूर्वाधारका हिसाबले यो वडा निकै पछाडि रहेको अवस्थामा स्थानीयले आधारभूत स्वास्थ्य र प्रसुति सेवा आफ्नै गाउँघरमा पाउने भएपछि महिलाहरू अत्यन्तै खुशी व्यक्त गरेका छन् । भवन उदघाटन तथा पूर्णखोपयुक्त वडा घोषणा सभामा राजपुर नगरपालिकाका मेयर शकिल अख्तर, उपमेयर जफिरा खातुन, खोप अधिकृत अनिल कर्ण लगायतको उपस्थिति रहेको थियो ।

### विस्फोट गराउने पक्राउ

विराटनगर । विराटनगरमा रहेको भारतीय दूतावासको सम्पर्क कार्यालयमा वम विस्फोट गराएको अभियोगमा प्रहरीले विप्लव नेतृत्वको नेकपाका नेता कार्यकर्तालाई पक्राउ गरेको छ । विप्लवको पार्टीका मोरङ जिल्ला ईन्चार्ज युगेन भन्ने उदय राई तथा ताप्लेजुङका विप्लवका कार्यकर्ता भिम लिम्बु पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । गत वैशाख ३ गते राति विराटनगर १३मा रहेको भारतीय राजदूतावास सम्पर्क कार्यालयको पश्चिम तर्फ रहेको खुल्ला चौरमा बम बिष्फोट भएको थियो । विस्फोटबाट सम्पर्क कार्यालयको पर्खाल तथा स्थानीय देवकान्त झाको घरको झ्यालको सीसा समेत फुटेको थियो । प्रहरीले बिराटनगर-१ बाट राई र लिम्बु दुबैलाई पक्राउ गरेको हो ।

### मन्त्रीद्धारा छोरीलाई सामुदायिक विद्यालयमा भर्ना

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश नम्बर ५ का सामाजिक विकास मन्त्री सुदर्शन बरालले आफ्नी छोरीलाई सामुदायिक विद्यालयमा भर्ना गरेका छन् । मन्त्री बरालले छोरी मुनालाई तम्घासको अर्जुन बोडिङबाट बुटबल ल्याई बुटवलको कालिका मानवज्ञान माविमा कक्षा ६ मा भर्ना गरेका छन् । भर्ना कार्यक्रममा बोल्दै मन्त्री बरालले सामुदायिक विद्यालयको गुणस्तर सुधारमा सकारात्मक सन्देश दिने उद्देश्यले आफूले सामुदायिक विद्यालयमा छोरी भर्ना गरेको बताए । उनले देशभरका सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार्न संघीय, प्रदेश र स्थानीय सरकारको ध्यान जानुपर्ने बताए । कालिका मानवज्ञान देशकै धेरै विद्यार्थी संख्या भएको सामुदायिक विद्यालय हो । यो विद्यालयले यसै वर्ष सामुदायिक विद्यालयतर्फ देशकै सर्वोत्कृष्ट विद्यालय पुरस्कार पाएको छ । यहाँ करिब ५ हजार विद्यार्थी अध्ययनरत रहेको बिद्यालयका प्रर्चाय घनस्याम पाठकले बताए । कार्यक्रममा बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष होम गलामी लगायतले बोलेका थिए ।

### सीमा क्षेत्रमा संयुक्त गस्ती

महोत्तरी । सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि नेपाल र भारतका सुरक्षाकर्मीले संयुक्त गस्ती थालेका छन् । दुवै देशका निकायले संयुक्त गस्ती थालेका छन् । संयुक्त गस्ती दुवै देशका सुरक्षा निकायबीच सुरक्षा सहकार्य तथा सीमा अपराध नियन्त्रण गरी सीमा क्षेत्रमा शान्ति बहाली गर्ने उद्देश्य रहेको जनाइएको छ । सशस्त्र प्रहरी बल ( एपिएफ), नेपाल प्रहरी, भारतीय सीमा सुरक्षा बल (एसएसबी) र विहार प्रहरीले सोमबारदेखि जिल्लाको सीमा क्षेत्रमा संयुक्त सीमा गस्ती थालेका हुन् । लागुऔषध ओसारपसार, मानव तस्करी, भन्सार छली, चोरी लगायतका अपराध नियन्त्रणका लागि संयुक्त गस्ती थालिएको सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय महोतरीले जनाएको छ ।

### सांसद यादवद्वारा प्रसुतिगृहको शिलान्यास

वीरगन्ज । संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम प्रतिनिधिसभा सदस्य प्रदीप यादवले दलगत स्वार्थभन्दा माथी उठेर विकासको कार्यमा लाग्नु पर्ने अहिलको आवश्यकता रहेको धारणा व्यक्त गरेका छन् । पर्सागढी नगरपालिका वार्ड नम्बर ५ मा निर्माण हुने प्रसुतिगृह भवनको शिलान्यास कार्यक्रममा बोल्दै सांसद यादवले विकास निर्माण कार्यमा सबै दलका प्रतिनिधिहरू एकभएर अगाडि बढनुपर्ने आवश्यकता रहेको बताए । पचरूखीमा आयोजित कार्यक्रममा बोल्दै उनले दलगत स्वार्थमा लिप्त भएर विकास निर्माण कार्यमा भाजो हाल्नेहरूको दिन समाप्त भएको बताउँदै कसैले व्यक्तिगत वा आर्थिक स्वार्थका लागि विकास निर्माणको कार्य रोक्न खोजे त्यसलाई समाजबाट वहिष्कृत गर्न आहवान गरे । सांसद यादवले दाइजो प्रथा ठूलो विकृतिको रूपमा रहेको बताउँदै यसको विरोधमा सबै लाग्नुपर्ने आवश्यकता रहेको बताए । दाइजो प्रथालाई न्यूनीकरण गर्न छोरीहरूलाइ पढाउन पर्ने अहिलेको आवश्यकता रहेको उनको भनाइ थियो ।

### प्रदेश ७ मा मुख्यमन्त्री कृषि कार्यक्रम

धनगढी । बजेटले कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिएको छ । यसका लागि अन्य कार्यक्रमका अलवा स्थानीय निकाय, समुदाय, निजी क्षेत्रलगायतसँग साझेदारी गर्दै 'परिवर्तित कृषि प्रणाली, मौसम सुहाउँदो खेती, माटो सुहाउँदो उत्पादन, उत्पादन अनुसारको बजार' नाराका साथ 'मुख्यमन्त्री कृषि कार्यक्रम' प्रारम्भ गर्न रू ५० लाख बजेट विनियोजन गरेको छ । यस्तै कृषि पेशामा लागेकालाई प्रोत्साहन दिन ल्याइएको कृषि अनुदान कोषका लागि रू पाँच करोड विनियोजन गरिएको छ । यसबाहेक मुख्यमन्त्री राहत कोष स्थापना गरिने, सोझै जनताको गुनासो सुन्न 'हेलो सिएम' कार्यक्रम सञ्चालन गर्ने, शीत भण्डारण गृहको निर्माण, खाद्यान्न राहत कोष स्थापना जस्ता कार्यक्रम बजेटमा समेटिएको छ । महिला स्वास्थ्य स्वयंसेविका, बाल विकास सहजकर्ता र विद्यालयको सहयोगीलाई प्रोत्साहन गर्न रू तीन करोड ७८ लाख ३७ हजार बजेट विनियोजन गरिएको छ ।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सयदिने कार्यक्रम

मन्त्रालयवाट आगामी १०० दिनभित्र सम्पन्न गरिने कार्यहरूको सम्वन्धी

माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यूले एक कार्यक्रमका विच सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आगामी १०० दिनभित्र सम्पन्न गरिने कार्यहरू सार्वजनिक गर्नुभयो । उक्त अवसरमा मन्त्रालय र सम्वद्ध सवै पदाधिकारीहरूलाई मन्त्रालयको परिभाषा भित्र परेका काम र मन्त्रालयले सेवा दिनुपर्ने काम सक्रियतापूर्वक अघि वढाउँदै २१ बुँदे कार्यक्रमहरू असारमसान्तसम्म नतिजा देखिने गरी सम्पन्न गर्न निर्देशन दिनु भयो। सो अवसरमा मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरङले आज घोषणा गरिएका २१ बुँदेको प्रगति समिक्षा १५ १५ दिनमा मा. राज्यमन्त्रीज्यूको उपस्थितिमा गरिने भएकोले प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभयो। मन्त्रालय र अन्तर्गत निकायहरूले आगामी १०० दिनभित्र सम्पन्न गरिने कार्यहरू देहाय बमोजिम रहेको छ ।



१. दूरसञ्चार सेवा र प्रविधिमा आएको परिवर्तन र विकासलाई आत्मसात गरी दूरसञ्चार ऐन, २०५३ मा समसामयिक सुधार गर्न उक्त ऐनको मस्यौदालाई अन्तिम रूप दिइनेछ ।

२. दूरसञ्चार क्षेत्रको फ्रिक्वेन्सी वितरण प्रकृयालाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन फ्रिक्वेन्सी नियमावलीको मस्यौदा तयार गरिनेछ ।

३. हुलाक बचत बैंकलाई स्थानीय तह सम्म विस्तार गरी साना बचतकर्ताका लागि बैकिङ्ग पहुँच पुर्यांउनको लागि हुलाक बैंकको रूपमा विकास गर्न अध्ययन सम्पन्न गरिनेछ ।

४. हुलाकबाट पठाएको वस्तुको ग्राहकहरू स्वयंले समेत अनुगमन गर्न सक्ने एयकतर्बा त्चबअपष्लन क्ष्लतभच( लर्बा क्थकतभ्फ प्रणालीलाई ७० जिल्लामा विस्तार गरी संचालनमा ल्याईनेछ ।

५. अनलाईनबाट हुने कारोबारलाई सरल, सुरक्षीत र भरपर्दो बनाउन राष्ट्रिय विद्यूतीय भुक्तानी प्रणाली (ल्बतष्यलर्बा भ(एबथ्कभलत न्बतभधबथ) स्थापनाको लागि आवश्यक विद्यूतीय भुक्तानी प्रणाली सूचना प्रविधिको पूर्वाधार निर्माण हुनेछ ।

६. चलचित्रबाट प्राप्त हुने आयलाई पारदर्शी बनाउन नेपालभरका सम्पूर्ण चलचित्रघरहरूमा बक्स अफिस प्रणाली लागु गरिनेछ ।

७. विद्यूतीय कारोबार, साइबर सुरक्षा जस्ता विषयहरू समावेश गरी सूचना प्रविधि सम्बन्धि कानूनको मस्यौदालाई सरोकारवालाहरूसँग छलफल गरी अन्तिम रूप दिइनेछ ।

८. विज्ञापन क्षेत्रलाई व्यवस्थित र उपलब्धिमूलक बनाउन आवश्यक विज्ञापन सम्वन्धी कानूनको मस्यौदा तयार गरिनेछ ।

९. सरकारी एकिकृत डाटा केन्द्रको व्याकअप केन्द्रको रूपमा हेटौंडामा निर्माण गरिएको Disaster Recovery Center (DRC) संचालनमा ल्याईनेछ ।

१०. सरकारी कामकाजलाई विद्यूतीय माध्यमको प्रयोग गरि पठाइने कागजातलाई कानूनी मान्यता दिनको लागि सरकारी निकायमा विद्यूतीय पत्राचार सम्बन्धि निर्देशिका तयार गरिनेछ ।

११. सरकारी इमेल प्रणालीलाई भरपर्दो र सुरक्षित बनाउने, ३(तीन) महिना भित्र सवै केन्द्रिय निकायहरूमा त्यसको प्रयोग गर्ने र ६(छ) महिना भित्र सवै निर्वाचित पदाधिकारी र अधिकृत स्तरका कर्मचारीहरू समेतलाई सरकारी इमेल उपलब्ध गराइनेछ।

१२. सवै स्थानीय तहको Web-Site 'सरकारी निकायको वेवसाईट निर्माण तथा व्यवस्थापन निर्देशिका, २०६८' अनुरूपको हुने गरि एउटै त्भ्फ( उबितभ को प्रयोग गरि निर्माण गर्ने व्यवस्था संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी मिलाइनेछ ।

१३. सवै स्थानीय तहको Mobile App बनाउन Customizable Template को विकास गरी उपलब्ध गराइनेछ ।

१४. सवै सरकारी निकायहरूले सेवाग्राहीलाई आवश्यक सूचना प्रदान गर्न पठाउने SMS एउटै न्बतभधबथ मार्फत जाने गरी एकिकृत सरकारी SMS Gateway को विकास गरिने छ ।

१५. भुकम्प प्रभावित जिल्लाहरू रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा ७४७ सेवा केन्द्रहरू (क्भचखष्अभ एयष्लतक) स्थापना गरी द्यचयबमदबलम ल्भतधयचप तथा २ वर्षका लागि निशुल्क इन्टरनेट सुविधा प्रदान गर्ने कार्य सम्पन्न गरिनेछ ।

१६. मोवाईल सेटको प्रयोग गरी हुने अबैध कारोबार तथा कृयाकलापहरू नियन्त्रण गर्न प्रत्येक मोवाईल सेटको भ्त्रगष्ऊभलत क्ष्मभलतष्तथ च्भनष्क( तचबतष्यल (भ्क्ष्च) अभिलेखबद्ध गर्ने संयन्त्र तयार गरी लागू गरिनेछ,

१७. दूरसंचार सेवा प्रदायकहरू एक आपसमा गाभिने तथा प्राप्ती (Merger and Acquisition_ ) सम्बन्धी नियमावलीको मस्यौदालाई अन्तिम रूप दिइनेछ ।

१८. सर्वसाधारणको बित्तीय प्रणालीमा पहुँच बढाउन शुरू भएको विद्यूतीय वित्तीय प्रणालीको नियमन गरी व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकसँग सम्झौता सम्पन्न गरिनेछ ।

१९. एनालग प्रणालीमा भईरहेको टेलिभिजन प्रसारणलाई डिजिटल प्रणालीमा रूपान्तरण गरी देशभरबाट एनालग प्रणाली बन्द (ब्लबयिन क्धष्तअज इाा) गरिनेछ ।

२०. मन्त्रालय र अन्तर्गतका विभाग कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी नयाँ संगठन संरचना स्वीकृत गरी लागु गरिनेछ ।

२१. हाल मन्त्रालयबाट भईरहेको प्रसारण संस्थाहरूलाई इजाजत दिने तथा रेडियो उपकरणको लाइसेन्स दिने कार्य मन्त्रालय मातहतका विभाग र प्रदेश सरकारका मन्त्रालयबाट गर्ने गरी व्यवस्था मिलाईनेछ ।

(रामचन्द्र ढकाल)
प्रवक्ता एवं सहसचिव
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# युवा विकासका लागि सञ्चारको भूमिका विषयक अन्तरक्रिया सम्पन्न

काठमाडौं । युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषदको संयुक्त आयोजनामा "युवाका मुद्दा, युवालक्षित कार्यक्रमहरू र युवा विकासमा सञ्चारक्षेत्रको भूमिका" विषयक पत्रकार अन्तरक्रिया सम्पन्न भएको छ । युवा परिषदका कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटा, युवा तथा साना व्यवसाय स्वरोजगार कोषका उपाध्यक्ष डा प्रेम दङ्गाल, पत्रकार महासंघका पूर्व अध्यक्ष एवं इमेज च्यानलका समाचार प्रमुख डा. महेन्द्र विष्ट, मन्त्रालय र परिषदका उपसचिवहरू तथा उपत्यका र अन्य जिल्लाका विभिन्न मिडियामा आवद्ध ३० जना सञ्चारकर्मीहरू लगायत ४० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल टेलिभिजन, रेडियो नेपाल, कान्तिपुर दैनिक, राष्ट्रिय समाचार समिति, उज्यालो रेडियो नेटवर्क, सि आइ एन, युथमिडिया क्लब, मधेशवाणी, रेडियो काठमाडौ, देशसञ्चार अनलाइन, चितवन खबर, सगरमाथा टेलिभिजन, नारायणी अनलाइन, सेतोपाटी डट कम, युवा सरोकार, धौलागिरी टेलिभिजन, अरनिको टेलिभिजन, निर्माण मिडिया, हिम टेलिभिजन, हाम्रो खेलकुद, रेडियो निग्लासैनी बैतडी लगायतका मिडियाहाउसका प्रतिनिधि सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।



नगरकोटमा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्ष श्री माधव ढुङ्गेलले युवा परिषदको भिजन, मिशन, उद्देश्यहरू र चालु आर्थिक वर्ष २०७४/०७५ का वार्षिक युवालक्षित कार्यक्रमहरूका वारेमा प्रकाश पारेका थिए । उपाध्यक्ष ढुङ्गेलले युवा परिषदले सञ्चालन गरेका मुख्य( मुख्य ड्रिम प्रोजेक्ट तथा कार्यक्रमहरू युवा उद्यम कार्यक्रम, युवा संसद स्थापना र अभ्यास, नमूना गाउँ/नगर स्थापना, युवाका लागि व्यवसायिक सीप विकास तालिम, राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम तथा शैक्षिक प्रमाणपत्रका आधारमा युवालाई उद्यमका लागि ऋण कार्यक्रमका वारेमा स्पष्ट पारेका थिए । यसै क्रममा परिषदका उपसचिव एवं सूचना अधिकारी ध्रुवराज पौडेलले चालु आव २०७४/०७४ मा परिषदबाट सम्पादन भएका कार्यक्रमहरू, यसको प्रगति विवरण र सोको दृश्यात्मक प्रस्तुति राखेका थिए । त्यसैगरी युवा तथा खेलकुद मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटाले तीन तहको संघीय संरचनामा युवाको अवस्था र आगामी कार्यदिशाका वारेमा प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा युवा तथा साना व्यवसाय स्वरोजगार कोषका उपाध्यक्ष डा. प्रेम दङ्गालले स्वरोजगार कोषको भिजन, मिशन, उद्देश्य, रणनीति र हालसम्मको प्रगति विवरणका साथै आगामी योजनाका वारेमा प्रष्ट पारेका थिए । कार्यक्रमको अन्तिम सत्रमा पत्रकार महासंघका पूर्व अध्यक्ष डा. महेन्द्र विष्टले युवा विकासमा सञ्चारक्षेत्रको भूमिकाका वारेमा प्रस्तुतीकरण राखेका थिए । छलफल तथा अन्तरक्रिया कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सहसचिव रामप्रसाद थपलियाले युवा विकासका आगामी रणनीतिका बारेमा विभिन्न सुझाव दिएका थिए । उक्त कार्यक्रमको शुरूमा युवा परिषदका प्रशासकीय प्रमुख मुक्तिसिंह ठकुरीले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेका थिए भने कार्यक्रमको सञ्चालन युवा परिषदका उपसचिव एवं सूचना अधिकारी ध्रुवराज पौडेलले गरेका थिए ।

अन्तरक्रिया कार्यक्रममा प्रत्येक प्रस्तुति पश्चात सहभागीहरूले सम्बन्धित विषयहरू माथि विभिन्न जिज्ञासाहरू राख्नुभएको थियो भने सम्बद्ध पदाधिकारीहरूले जिज्ञासामा सम्बोधन गरेका थिए । त्यसै गरी युवा तथा खेलकुद मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी महेन्द्र पौड्यालले मन्त्रालय युवाका हरेक सवालमा हातेमालो गर्न र संपूर्ण सूचनालाई पारदर्शी र सुशासनयुक्त बनाउन तयार रहेको कुरा बताउँदै मिडियाले यसमा सकारात्मक भुमिका खेल्नुपर्ने पनि बताए । आगामी दिनमा युवा विकासका लागि चालिनुपर्ने कदम तथा लिइनुपर्ने नीतिहरूका सम्बन्धमा विभिन्न सुझावहरूसमेत दिइएको थियो । युवाको वैदेशिक पलायनलाई रोक्ने प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने, वैदेशिक रोजगारमा जाने युवालाई व्यवसायिक सीपको तालिम अनिवार्य गरिनुपर्ने ताकि हालको 3D (Dirty, Dangerous and Difficult) काम नभई सुरक्षित र सम्मानजनक कामका लागि अनुकूल वातावरण बन्छ र रेमिटेन्स पनि बढि भित्रिन्छ, विदेशबाट फर्केका युवालाई उनीहरूको ज्ञान सीप र प्रविधिको प्रयोगबाट स्वदेशमा नै व्यवसाय गरी आत्मनिर्भर बन्ने वातावरण बनाइनुपर्ने, युवाका सकारात्मक सोंचको विकास र प्रवर्द्धन गरिनुपर्ने ताकि स्वदेशमा नै संभावनाको खोजी गरोस् र श्रमप्रति सम्मान गर्ने बानीको विकास गरोस् लगायतका सुझाव दिइएको थियो ।

## महिला सञ्जालको अध्यक्षमा वर्मा



काठमाडौं । अन्तर पार्टी महिला सञ्जालको अध्यक्षमा राष्ट्रिय जनता पार्टी नेपालका निलम वर्मा चयन भएकी छन् । सञ्जालको विधानमा प्रमुख दलबाट आलोपालो नेतृत्व गर्ने प्रावधानअनुसार राजपा नेपालका नीलम बर्माको अध्यक्षतामा केन्द्रीय कार्यसमिति परिवर्तन गरेको छ । परिवर्तित कार्यसमितिको उपाध्यक्षमा सावित्रा भूसाल (नेकपा (एमाले), महासचिवमा कल्याणीदेवी रिजाल (नेपाली कांग्रेस), सचिव कमला रोका (माओवादी केन्द्र) र कोषाध्यक्षमा सहनाज रहमान (संघीय समाजवादी फोरम नेपाल) रहेका छन् ।

त्यस्तै, सदस्यहरूमा रेणुकुमारी यादव, राधाकुमारी ज्ञवाली, ममता गिरी, मिना पाण्डे, उमा रेग्मी, शशि श्रेष्ठ, यशोदा सुवेदी, पुष्पा ठाकुर, प्रतिभा राणा र निलम केसी रहेको सञ्जालले जनाएको छ ।

## संक्षिप्त समाचार

### भारतीय राजदूत र प्रदेश प्रमुखबीच भेटवार्ता

जनकपुरधाम । नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरी तथा प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थबीच शिष्टाचार भेटवार्ता भएको छ । प्रदेश प्रमुखको कार्यालयमा भएको सो भेटवार्तामा दुई देशबीचको आपसी सम्बन्ध तथा समसामायिक विषयमा कुराकानी भएको छ । भेटका क्रममा प्रदेश नं. २ मा भारतको सहयोगमा भइरहेको भारत-अमलेखगन्ज पाइप लाईन, रेल्वे निर्माण जस्ता विकासका कार्यहरूबारे राजदूत पुरीले प्रदेश प्रमुख कायस्थलाई जानकारी गराएका थिए ।

### प्रधानसेनापतिद्वारा निरीक्षण

कपिलवस्तु । प्रधानसेनापति राजेन्द्र क्षत्रीले आइतबार मध्यपश्चिम पृतना अन्तर्गत कपिलबस्तु जिल्लामा तैनाथ नारायणदल गण, कैलाली जिल्लामा तैनाथ नं.५ बाहिनी अड्डा र डोटी जिल्लामा तैनाथ सूदुर पश्चिम पृतना हे.क्वा.को निरीक्षण भ्रमण गरेका छन् । निरीक्षण भ्रमणको क्रममा प्रधानसेनापति क्षत्रीले उक्त पृतना, बाहिनी तथा गणको स्थलगत बस्तुस्थिति, तालिम, बन्दोबस्तीलगायत अन्य विविध पक्षबारे जानकारी हासिल गर्नुको साथै सकलदर्जालाई सम्बोधन गरेका थिए ।

### असमानता अन्त्य गर्न अभियान : मुख्यमन्त्री

वीरगन्ज । मुख्यमन्त्री लालबाबु राउत गद्दीले खास गरेर मधेशमा पुरूष महिलाबीच विद्यमान रहेको असमानतालाई अन्त्य गर्न बेटी पढाइ बेटी बचाइ अभियान सुरू गरिएको हो । यो अभियानलाई सबै मिलेर तीव्रताको साथ अगाडि बढाउन आह्वान गर्दै उनले बालिकाहरूको उत्थानका लागि प्रदेश सरकारले विभिन्न रचनात्मक कार्यक्रमहरू ल्याउने बताए । नगर प्रमुख विजय कुमार सरावगीले विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरूलाई अध्ययन अध्यापनका लागि विद्यालय भर्ना अभियानलाई तीव्रता दिने बताए ।

### वीरगन्जमा अभिभावकत्व ग्रहण

वीरगन्ज । विद्यालयको पहुँचभन्दा बाहिर रहेका १३ बालिकाहरूको अभिभावकत्व ग्रहण गरी विद्यालय भर्ना अभियानलाइ तिव्रता दिइएको छ । वीरगन्ज महानगपालीकाको विभिन्न विद्यालयहरूमा विहिबार आयोजित कार्यक्रमहरूमा मुख्यमन्त्री लालबाबु राउतले २ जना, नगर प्रमुख विजय कुमार सरावगीले ९ जना बालिका, उद्योगपति जगदिश अग्रवालले १ जना बालक र वडाअध्यक्ष श्यामबाबु चौरसियाले एक जना बालिकाहरूको अभिभावकत्व ग्रहण गरेका छन् । मुख्यमन्त्री राउतले आदिती कुमारी र मनिषा कुमारी,नगर प्रमुख वीजय कुमार सरावगीले संध्या महरा चमार,सिता कुमारी,रूपान्ति कुमारी,निकी कुमारी,पुनम कुमार धानी कुमारी,काजल कुमारी,नेहा कुमारी र आरती कुमारीको अभिभावकत्व ग्रहण गरेका छन् ।

### विराटनगरमा पनि रेलबाट कन्टेनर आयो

विराटनगर । विराटनगर नाकाबाट पनि तेस्रो मुलुकसँगको व्यापारिक सेवा सुरू भएको छ । नेपालका लागि विदेशबाट आयातित मालसामान बोकेका कन्टेनर लिएर कोलकाताबाट पहिलो र्‍याक (कन्टेनरबाहक रेल) विराटनगर नाकाका लागि हिँडेको छ । विराटनगर नजिकै सीमापारी रहेको बथनाहा रेल्वे स्टेसनमा मगाई विराटनगर नाकाबाट कन्टेनर नेपाल भित्रयाउने सुविधा अब थपिएको हो । वीरगन्जमा सुक्खा बन्दरगाह स्थापना हुनुअघि यसैगरी कोलकाता बन्दरगाहबाट सीमावर्ती भारतीय सहर रक्सोल स्टेसनमा कन्टेनर मगाई नेपाली व्यापारीले भित्रयाउने गरेका थिए । अब त्यस्तै सुविधा नेपालको अर्को ठूलो नाकामा थपिएपछि व्यापारमा यसबाट सहजता हुने छ । कोलकाता बन्दरगाहबाट हिँडेको रेल बथनाहा स्टेसनमा आइपुगेपछि त्यहाँबाट नेपाली आयातकर्ताले आफ्नो सुविधा अनुसार प्लेटफर्म ट्रकमा हालेर नेपाल लैजाने छन् ।

### यातायात व्यवसायीहरू आन्दोलित

बुटवल । सरकारले यातायात संम्बद्ध संघ संस्था खारेज गर्ने निर्णय बिरूद्ध यातायात व्यवसायीहरूको आन्दोलन कसिलो बन्दै गएको छ । यातायात ब्यवसायी महासंघको आह्वानमा गरिएको आन्दोलनका कार्यक्रमअन्तर्गत सोमबार अपरान्ह ४ बजे बुटवलस्थित लुम्विनी बस टर्मिनलमा विरोध सभा सम्पन्न भएको छ । यातायात व्यवसायीहरूले सरकारले सरोकारवालाहरूसँग छलफल नै नगरी संघ सस्था खारेज गर्ने निर्णय गरेर ब्यवसायीहरूलाई उत्तेजीत बनाउने काममात्र गरेको भन्दै आन्दोलन गर्दै आएका छन् ।

### औषधि विभागका अधिकृत रंगेहात पक्राउ

नेपालगन्ज । औषधि व्यवस्था विभाग शाखा कार्यालयका फार्मेसी अधिकृत तपेन्द्र भट्टराई घुस लिँदै गर्दा रंगेहात पक्राउ परेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले मंगलबार नेपालगन्जस्थित कार्यालयबाट रंगेहात पक्राउ गरेको हो । मेडिकल स्टोर दर्ता प्रक्रियालाई सहज बनाइदिने भनी सेवाग्राहीसँग रू ५० हजार घुस लिँदै गरेको अवस्थामा आयोगको टोलीले पक्राउ गरेको छ ।

### धनगढी उपमनपाको ऐन नियमावली निर्माण

कैलाली । धनगढी उपमहानगरपालिकाले विभिन्न २० वटा ऐन, कार्यविधि र नियममावली निर्माण गरेको छ । उपमहानगरपालिका कार्यालयद्वारा भए/गरेका कार्य प्रगति सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सो कुरा जनाइएको छ । संविधानले दिएका अधिकार प्रयोग गरी चालु आर्थिक वर्ष २०७४/७५ को हालसम्म विभिन्न २० वटा ऐन, कार्यविधि र नियममावली निर्माण गरेको जनाएको छ । नगरसभाबाट स्वीकृत भई कार्यान्वयनमा आएका ऐनहरूमा नगर शिक्षा ऐन २०७४, फोहर व्यवस्थापन ऐन २०७४, कृषि व्यवसाय ऐन २०७४, आर्थिक कार्यविधि तथा व्यवस्थित गर्न बनेको ऐन २०७४, सार्वजनिक निजी साझेदारी ऐन २०७४, न्यायिक समिति कार्यविधि सम्बन्ध ऐन २०७४, सहकारी ऐन २०७४ रहेको उपमहानगरपालिकाले जनाइएको छ ।

### आन टेस्ट मोटरसाइकल चलाए जफत हुने

रौतहट । रौतहट जिल्लामा भारतीय नम्बरको आन टेस्ट मोटरसाइकल चलाएमा जफत हुने भएको छ । जिल्ला प्रहरी कार्यालयले रौतहट जिल्लामा भारतीय नम्बरको आन टेस्ट मोटरसाइकलको संख्या बढी भएकोले नम्बर नराखेर चलाएमा कानून बमोजिम कार्यवाही गरी जफत गरिने चेतावनी दिएका छन् । प्रहरी उपरीक्षक यज्ञ विनोद पोखरेलले विना नम्बरको भारतीय नम्बरको आन टेस्ट मोटर साइकलबाट दुर्घटना भएमा तथा कुनै अपराधिक घटना हुन गएको खण्डमा छानविन तथा अनुसन्धान गर्न जटिलता भैरहेकोले यसको नियंत्रणको लागि जफत गर्नु विकल्प रहेको बताएका छन् ।

### प्रदेश ७ को बजेट एक अर्ब दुई करोड

धनगढी । प्रदेश नं ७ का आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहराले आज प्रदेशसभाको बैठकमा चालु आर्थिक वर्ष २०७४/७५ को तीन महिनाका लागि रू एक अर्ब दुई करोड पाँच लाखको बजेट प्रस्तुत गरेका छन् । कूल विनियोजितमध्ये चालुतर्फ रू ३० करोड सात लाख ७७ हजार, पूँजीगततर्फ रू १५ करोड ५७ लाख र अर्थ विविध शीर्षकमा रू ५६ करोड ४० लाख २३ हजार बजेट रहेको छ । अर्थ विविधतर्फ कृषि अनुदान कोषका लागि रू पाँच करोड, खाद्यान्न राहत कोषको लागि रू दुई करोड ५० लाख र आकस्मिक कोषको लागि रू ५० लाख प्रस्ताव गरिएको छ ।

### प्रहरी सहायक निरीक्षक आधारभूत तालिम

बिराटनगर । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वावधानमा पूर्व क्षेत्रीय प्रहरी तालिम केन्द्र बिराटनगरमा संचालित प्रहरी सहायक निरीक्षक आधारभूत (अल्पकालिन) ४-१७६ औं समूहको तालिम प्रहरी नायव महानिरीक्षक ज्ञानबिक्रम शाहको प्रमुख आतिथ्यमा मंगलबार आयोजित कार्यक्रमबीच समापन भएको छ । उक्त तालिममा ७९ जना प्रहरी सहायक निरीक्षकहरूको सहभागिता रहेको थियो ।

### ट्याक्टर पल्टिँदा एकको मृत्यु, एक घाइते

बाँके । जानकी गाउँपालिका-३ रम्बापुरमा भे।१त ४००६ नम्बरको ट्याक्टर मंगलबार बिहान अनियन्त्रित भई पल्टिँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । दुर्घटना हुँदा ट्याक्टरमा सवार बर्दिया राजापुर नगरपालिका-३ बस्ने ४० वर्षीया देवानी चौधरीको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा बर्दिया बारबर्दिया नगरपालिका-१० बस्ने २५ वर्षीय कालुराम चौधरी गम्भीर घाइते भएकाले उपचारको लागि नर्सिङ होम नेपालगंजमा पठाइएको छ । फरार ट्याक्टर चालकको प्रहरीले खोजतलास गरिरहेको छ ।

# सक्षम खेलाडी उत्पादन आजको आवश्यकता : प्रदेश प्रमुख

**ब्रम्हानन्द ठाकुर**

जनकपुरधाम । राष्ट्र निर्माण एवं विकासका लागि उत्कृष्ट, अनुशासित र सक्षम खेलाडीहरू उत्पादन गर्नु आजको आवश्यक्ता रहेको प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले बताएका छन् ।

सप्तरीको ठाकुरजी मावि जण्डौलस्थित अन्तर विद्यालयस्तरीय १०औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको प्रमुख आतिथ्यको आसनबाट बोल्दै प्रदेश प्रमुख कायस्थले खेलकुद प्रतिभाको खोजी गर्दै, प्रतिभाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न स्थानीय, प्रदेश र संघस्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरूको आयोजना गरिनु पर्ने बताए ।

उनले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी भै राष्ट्रको छवि उच्च बनाउन योगदान पुर्‍याउन सक्ने खेलाडी तयार गर्नु हाम्रो जिम्मेवारी रहेको बताए ।

बैशाख १४ गतेसम्म हुने सो प्रतियोगिताको बुधबार एक समारोहका बीच प्रदेश प्रमुख कायस्थले उद्घाटन गरेका छन् ।



*छात्रालाई सम्मानपत्र प्रदान गर्दै प्रदेश २ का प्रमुख रत्नेश्वर लाल कायस्थ ।*

कार्यक्रममा प्रमुख कायस्थले खेलाडीहरूद्वारा गरिएको मार्चपास तथा कलाकौशलको अवलोकन समेत गरेका थिए । त्यस्तै केही खेलाडीहरूलाई प्रदेश प्रमुखले दोसल्ला ओढाई प्रमाण पत्रका साथ सम्मान समेत गरेका थिए ।

सो प्रतियोगितामा एथलेटिक्स, भलिवल, कब्बडी, कराँते, तेक्वान्दो तथा उसु छात्र तथा छात्रा दुवै समूहबीच हुने आयोजकले बताएको छ । प्रतियोगिताको उद्घाटन १५०० मिटर छात्रा समूहको दौडबाट गरिएको थियो ।

# ह्वीलचेयर क्रिकेट संघलाई पोशाकसहित खेल सामग्री वितरण

काठमाडौं । ह्वीलचेयर क्रिकेट संघ नेपाललाई संयुक्त नाई श्रमिक व्यवसाय संघले पोशाकसहित खेल सामग्री वितरण गरेको छ । भारतको कलकत्तामा आगामी बुधबारदेखि हुन लागेको त्रिदेशीय टी-२० क्रिकेट प्रतियोगितामा सहभागी हुन आइतबार क्रिकेट टोली भारत प्रस्थान गरेको छ । आइतबार मधेश मिडिया हाउसमा नाई संघले पोशाक तथा खेल सामग्री वितरण तथा विदाई कार्यक्रमको आयोजना गरी क्रिकेट संघका खेलाडीलगायत २१ सहयोगीहरूलाई पोशाक वितरण गरेको हो ।

ह्वीलचेयर क्रिकेट संघका कप्तान रामप्रसाद खरेलले कार्यक्रममा सम्बोधन गर्दै आफूहरूले पाउनुपर्ने सहयोग अन्य कहींबाट पनि नपाइरहेको अवस्थामा नाई संघले गरेको यो सहयोगले आफूहरूको मनोवल बढेको बताए ।

कार्यक्रममा नाई संघका पदाधिकारीहरूले क्रिकेट टोलीलाई जितेर नेपालको नाम अन्तर्राष्ट्रिय जगतमा चिनाउने आशाका साथ बधाई दिँदै बिदाई गरेका थिए ।



**ह्वीलचेयर क्रिकेट संघलाई पोशाक तथा खेल सामग्री वितरण कार्यक्रममा सहभागीहरू ।**

नेपाल नाई ट्रेड युनियनका केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरले, 'खेलाडीहरू उच्च मनोवलका साथ खेल जितेर आउनुस् हामी अझ पनि आगामी दिनमा सहयोग गर्नेछौं ।' भने ।

उनले आफूहरूले सकेसम्म ह्वीलचेयर क्रिकेट संघलाई निरन्तर सहयोग गर्दै खिलाडीहरूको मनोबल बढाउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

यस्तै, कार्यक्रममा संयुक्त नाई श्रमिक व्यवसाय संघका अध्यक्ष बबलु ठाकुर, ओबीसीका महासचिव विन्देश्वरी लाल ठाकुर, केन्द्रीय सचिव रजनिशकान्त प्रसाद कुशवाहा, विद्यार्थी संघका अध्यक्ष प्रकाशमणि राउत, युथ रेजिमेन्टका अध्यक्ष ओमप्रकाश ठाकुर, संयुक्त नाई श्रमिक व्यवसाय संघका काठमाडौं जिल्ला अध्यक्ष गंगा ठाकुरलगायतले क्रिकेट टोलीलाई सफलताको कामना गरेका थिए ।

क्रिकेट संघका रामप्रसाद खरेल (कप्तान), हेम गुरूङ्ग (उपकप्तान), प्रदीप रिजाल, ललनकुमार चौरसिया, लक्ष्मीप्रसाद अधिकारी, सोम सुनुवार, डम्बर बहादुर मगर, राम बहादुर कुँवर, राम मगर, इन्द्रसिंह डिसी, सुमन बराल, रमेश राउत, रूपेश वाइबा र मनोज थापालाई नाई संघले पोशाक वितरण गरेको थियो । सो टोलीमा प्रशिक्षक प्रकाश विष्ट, व्यवस्थापक छुल्टिम शेर्पा र फिजियो अन्जना श्रेष्ठ मास्के समेत रहेका छन् ।

# हुँदै नभएको सांगठनिक संरचना जलेश्वर नगरपालिकामा

जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकामा हुँदै नभएको साँगठनिक संरचना भएको देखिएको छ । नगरपालिकाको साँगठनिक संरचनामा महाशाखा प्रमुख हुँदैन तर जलेश्वरमा भने महाशाखा प्रमुखको साँगठनिक संरचना निर्माण भएको देखिएको छ ।

जलेश्वर नगरपालिकाका ईन्जिनियर माघवेन्द्र चौधरीको कार्यकक्षको ढोकामा योजना महाशाखा प्रमुख लेखिएको छ । जबकी संघीय मन्त्रालयको साँगठनिक संरचना अनुसार ५० हजारदेखि ७५ हजारसम्म जनसंख्या भएका नगरपालिकाको संगठन संरचना अनुसार महाशाखा देखिन्न् । जलेश्वर नगरपालिकाको जनसंख्या ५८ हजार ५ सय ४९ रहेको छ ।

जलेश्वर नगरपालिकाका कर्मचारीहरूले इन्जिनियर चौधरीले आफुखुशी पद सृजना गरी महाशाखा प्रमुख बनेको आरोप लगाउँदै नभएको साँगठनिक संरचना खडा गर्नु गलत भएको प्रतिक्रिया दिएका छन् ।




तर इन्जिनियर माघवेन्द्र चौधरीले प्रशासकीय अधिकृतले आफूलाई दिएको जिम्मेवारी अनुसार नै पद सृजना गरिएको बताए । यता जलेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले अहिलेको साँगठनिक संरचनामा उपमहानगरपालिका र महानगरपालिकामा मात्रै महाशाखा रहेको जानकारी दिँदै नगरपालिकामा त्यस्तो साँगठनिक संरचना नभएको जानकारी दिए ।

उनलाई इन्जिनियर चौधरीको कार्यकक्षमा महाशाखा प्रमुख लेखिएको छ भन्ने सोधेको प्रश्नमा आफुले सो हटाउने जानकारी दिँदै पहिलाको संरचनामा त्यस्तो भएकोले नहटाइएको जानकारी दिए । तर नगरपालिका श्रोतका अनुसार दुई दिन पहिला मात्रै इन्जिनियर चौधरीले सो नेमप्लेट टाँसेको जनाएका छन् ।

नगरपालिकाका एक कर्मचारीले नाम नलेखिदिने शर्तमा पहिलाको संरचनामा समेत नगरपालिकामा महाशाखा प्रमुखको कुनै साँगठनिक संरचना नरहेको बताउँदै इन्जिनियर चौधरीले मनोगत रूपमा यस्तो लेखिएको बताउँदै तत्कालै सो नेमप्लेट हटाउनुपर्ने बताए ।

एक महिना अगाडी मात्रै इन्जिनियर चौधरी निमित्त कार्यकारी अधिकृत बनेर नगरपालिकामा हाजरी भएका थिए ।

# दुई शिक्षकलाई सम्मानसहित विदाई

राकेश यादव, रौतहट । गौर नगरपालिका वड़ा नंबर १ मा संचालित बैधनाथ आधारभूत विद्यालयको शिक्षिका र शिक्षकलाई सम्मानसहित विदाई गरिएको छ । विद्यालयमा कार्यरत शिक्षिका रेखा झा र शिक्षक रामसोगरथ चन्द्रवंशीलाइ सम्मानसहित विदाई गरिएको हो ।

विद्यालयले आयोजना गरेको सम्मान तथा विदाई कार्यक्रममा शिक्षकवाट प्रतिनिधि सभा सदस्य बनेकी शिक्षिका झा र सेवा बाट अवकाश प्राप्त गरेका शिक्षक चन्द्रवंशीलाइ वड़ा नंबर १ को वडाध्यक्ष भरत साहले फूलको माला लगाई दोसल्ला ओढाएर सम्मान गर्दै विदाई गरेका हुन ।

नेकपा एमालेका समानुपातिक महिला कोटाबाट सांसद भएकी झाको आगामी कार्यकालको तथा सेवा निवृत भएका शिक्षक चन्द्रवंशीको सेवा निवृत जीवन सुखमयको कामना वडाध्यक्ष साहले गरेका छन् ।



आयोजित कार्यक्रमको सम्बोधन गर्दै वडाध्यक्ष साहले विद्यालयको सुधार तथा शिक्षाको विकास प्रति आफु सधैं कटिवद्ध रहने प्रतिवद्धता व्यक्त गरेका छन् । उनले भने शिक्षा जीवनको मूल आधार भएकोले अध्ययनरत बालबालिकाको राम्रो शिक्षा दिनु अपरिहार्य रहेको छ ।

बालिकाको शिक्षामा सक्रीय भूमिका निर्वाह गर्ने प्रथम वडाध्यक्षको रूपमा परिचित रहेका साहले विद्यालयमा आएका छात्रवृति मध्ये १३ जनाको अपुग भएको रकम आफ्नो तरफबाट नगदी सहयोग गरेका छन् । विद्यालयमा अध्यनरत कक्षा ८ का विद्यार्थीहरूलाई सांसद झा र वडाध्यक्ष साहले संयुक्त रूपमा किताब वितरण गरेको विद्यालयले जनाएको छ । कार्यक्रममा निर्वाचन क्षेत्र १ को क विधानसभा सदस्य बाबूलाल साह, प्रधानाध्यापक शम्भू श्रेष्ठ लगायत शिक्षक शिक्षिका, अभिभावकहरू उपस्थित भएका थिए ।

## भारतीय प्रधानमन्त्री मोदी नेपाल आउने



काठमाडौं । भारतका प्रधानमन्त्री प्रधानमन्त्री नरेन्द्र मोदी बैशाख अन्तिम साता नेपाल भ्रमण गर्ने भएका छन् । भारतीय पत्रिका हिन्दुस्तान टाइम्सका अनुसार मोदी वैशाख १८ गते नेपाल आउन लागेका हुन् । भ्रमणका क्रममा उनले काठमाडौं र जनकपुरको भ्रमण गर्नेछन् । गत चैतमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली भ्रमणका लागि भारत गएका थिए । भ्रमणका क्रममा उनले भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । प्रधानमन्त्री मोदी सन् २०१४ मा नेपाल आएका थिए । उनको यो तेस्रो नेपाल भ्रमण हो ।

## मोदी जनकपुर जाने भएपछि तयारी सुरू

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउने समाचार सार्वजनिक भए लगतै जनकपुरमा पनि भ्रमणको तयारी सुरू भएको छ । भारतीय प्रधानमन्त्री बैशाख अन्तिम साता नेपाल आउने समाचार सार्वजनिक भएको छ । नेपाल भ्रमणका क्रममा उहाँ जनकपुर पनि जाने कार्यक्रम रहेको बताइएको छ । भारतीय प्रधानमन्त्रीको जनकपुर भ्रमणको तयारीका लागि नेपालस्थित भारतीय दूतावास सक्रिय भएको छ । नेपालका लागि भारतीय राजदूत मन्जिभ सिंह पुरीसहितको एक टोली आज जनकपुर प्रस्थान गरेको छ । टोलीले त्यहाँको बस्तुस्थितिको बारेमा जानकारी लिने छ । राजदूत पुरी जनकपुर पुगेर प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतसँग मुख्यमन्त्रीको कार्यालयमा छलफल गर्नु हुनेछ । राजदूत पुरीले आजै साँझ प्रदेश २का सबै मन्त्री तथा मुख्य दलका नेताहरूसँग पनि छलफल गर्ने कार्यक्रम रहेको छ । दूतावासको टोलीले त्यहाँको सुरक्षा अवस्थाको बारेमा जानकारी दिन सुरक्षा अधिकारीसँग पनि छलफल गर्ने बताइएको छ । प्रधानमन्त्री मोदीले यसअघि नेपाल भ्रमणमा आएको बेला जनकपुर भ्रमण गर्न सक्नु भएको थिएन ।

## भारतीय जुडो च्याम्पियनलाई बधाई



काठमाडौं । भारतीय दूतावासले आठौं दक्षिण एशियाली जुडो च्याम्पियनसिपका विजेता भारतीय खेलाडीलाई बधाई दिएको छ । नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले जुडो प्रतियोगिताका विजयी टोलीका खेलाडी तथा अधिकृतलाई बधाई ज्ञापन गरेका छन् । सोमबार नेपालमा सम्पन्न उक्त खेलमा पुरूष र महिला टोली इभेन्ट्समा भारत च्याम्पियन बनेको थियो । भारतको पुरूष टोलीले पाकिस्तानलाई फाइनलमा ३-२ ले हराएर स्वर्ण पदक जितेको थियो ।

त्यसैगरी महिला टोली इभेन्टमा भारतले नेपाललाई हराएको थियो । त्यसैगरी व्यक्तिगत इभेन्टमा पनि १० स्वर्णपदक जितेर भारत पहिलो भएको थियो ।

महिलातर्फका सबै स्वर्णपदक भारतले नै हात पारेको थियो । नेपाल प्रतियोगितामा दुई स्वर्ण पदक प्राप्त गरी दोस्रो भएको थियो । भारतका तर्फबाट सात महिला, छ पुरूष र तीन अधिकृतको सहभागिता थियो ।

## कोलकातामा प्रतिभा प्रदर्शन प्रतियोगिता

काठमाडौं, १२ बैशाख । दिलीप थापा डान्स सेण्टर र रवीनदास हेयर ब्युटी एकेडेमी हाउडा, कोलकाताले बाह्रौं प्रतिभा प्रदर्शन प्रतियोगिता २०१८ आयोजना गरेका छन् । प्रतियोगितामा ८० नेपाली र भारतीय शिक्षार्थीले गणेश वन्दना, नेपाली, बङ्गाली र डान्डिया (गुजराती), हिपहप र ताण्डव नृत्य तथा वन्दे मातरम् प्रस्तुत गरेका थिए । शिक्षार्थीका नेपाली आमाहरूसमेतले राजस्थानी घुमर, पल्लो लटक र हिपहप नृत्य प्रदर्शन गरेका थिए । सो अवसरमा सेण्टरले आठ जना असहायलाई ह्विलचियर पनि वितरण गरेको थियो । भारत, पश्चिम बङ्गालका कोअपरेशनमन्त्री अरूप राय र हाउडा म्युनिसिप्यालिटीका काउन्सिलर मल्लिका राय चौधरीले कोलकातामा नेपाली र भारतीय संस्कृतिको सङ्गम भइरहेकामा सन्तोष व्यक्त गरिन् ।

जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका दुर्घटनाबारे सचेत गराउने र यस्ता कुराहरूबाट सजग रहन केटाकेटीमा जनचेतना जगाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# अवमूल्यन र व्यापार विवादले पाकिस्तानी अर्थव्यवस्था संकटमा

अन्तर्राष्ट्रिय मुद्रा कोषले पाकिस्तानी रूपमा डलरको तुलनामा झण्डैले २० प्रतिशत अवमूल्यन हुने भविष्यवाणी गरेको छ। यसप्रकारको अवमूल्यनबाट पाकिस्तानको अर्थव्यव्था, आन्तारिक स्तरमा वित्त मन्त्रालयको दायित्व कसैले सम्हाल्न नसक्ने स्थितिमा पुग्नु र विश्वजगतबाट त्यसलाई कसैले जमानत दिन नसक्ने अवस्थाले गर्दा एकदेखि अर्को संकटतिर उन्मुख हुँदै गएको छ। वित्त मन्त्री इशाकधर दौडाहा गर्न व्यस्त रहँका छन् भने प्रधानमन्त्रीका सल्लाहकार मिफ्ताह इस्माइल, एक आर्थिक तानाशाहले सबै महत्वपूर्ण मन्त्रालयहरूका संचालन गर्दै आएकोबाट सबै आर्थिक संकेतका दृष्टिले स्थिति ज्यादै नराम्रो हुन जाने स्पष्ट प्राय: भै सकेको छ। सेना र न्यायालयले निर्वासित वा पदच्युत प्रधानमन्त्री नवाज शरीफलाई बहिष्कृत गर्दै जुन आगामी निर्वाचन सम्पन्न गर्न लागेको छ त्यसले अर्थव्यवस्थालाई सबभन्दा बढी पिडीत तुल्याई दिनुको कारण सीमाबाहिरको अर्थव्यस्थालाई पूर्णरूपले प्रदर्शित गर्दै आएको छ। पाकिस्तान आधिकारीक र अनाधिकारीक विश्लेषकहरूले वर्तमान राजनीतिक अनिश्चितताको वातावरणमा सम्पन्न गर्न लागेका आम निर्वाचन नै अर्थव्यवस्था र पाकिस्तानी व्यवस्थापनको एक महत्वपूर्ण पक्ष बन्न पुगेको छ। आर्थिक तानाशाह इस्माइल (जो अधिकारीक रूपमा एक केटाकेटी जस्तै छन्) ले एक राम्रा वित्त मन्त्री जस्तै अवमूल्यनलाई "अर्थव्यवस्थाका लागि राम्रो" अपेक्षा गरेका छन्, तर पाकिस्तानभित्र र बाहिरका कुनै पनि राम्रा पर्यवेक्षकले त्यसलाई राम्रो ठानेका छैनन् ?

आश्चर्यपूर्ण तर रोचक कुरो के भने आर्थिक अवस्था सम्बन्धी विश्लेषण अनुपलब्ध प्राय: नै छ। यहाँसम्म कि संचार माध्यमहरूले सम्पादकीयहरू मार्फत नवाज र दर दुबैलाई चार वर्षदेखि अर्थव्यस्था राम्रो अवस्थामा रहेको तिनी दुबैको तर्कलाई जनतालाई दिग्भ्रमित पार्ने प्रसंगको रूपमा टिप्पणी गरेका छन्। अधिकांश दक्षिण एशियाईहरू जस्तै पाकिस्तानीहरू अर्थव्यवस्थाहरूका सम्बन्धमा अलि-अलि मात्र बुझ्दछन् बरू घरनिर्माण गर्नेहरूले जलाउने पीडा खपेर पनि तिनीहरूभन्दा बढी बुद्धिमान रहेका छन्। वर्तमान परिपेक्ष्यमा इस्माइलको तर्कलाई कसैले पनि पत्याएको छैन किनकी उनले अवास्तविक दृश्य र स्वरूप प्रस्तुत गरेका छन् ? इस्माइलले राम्रो आशाको अपेक्षा गर्दै त्यस्तो भविष्यवाणी गरेका छन्। सही अर्थमा त्यो सेनाद्वारा भारत, अमेरिका र अफगानिस्तानको सहचर्यमा देशको कूटनीतिमाथि पूर्ण नियन्त्रण गरेको दुखद अवस्था हो। सेना प्रमुख जनरल कमार बज्वाको नागरिक अर्थव्यवस्था संचालन विपरीतको टिप्पणीले नागरिक र सेना बीचको सम्बन्धमा नयाँ तत्वको अग्रसरताको संकेत गर्दछ।

अर्थव्यवस्था र संस्थाहरूको भूमिका सम्बन्धमा नागरिक र सैनिक बीचको विभाजनमा दुवैतिर केही तथ्य भए पनि तर वर्तमान परिस्थितिमा सेना र नागरिकबीचको विखण्डन राज्यको वित्त व्यवस्था र अर्थव्यवस्था दुवैका लागि स्वत: सबभन्दा ठूलो चुनौति बन्न सक्नेछ। सरकारले आफ्नो चाहनाको दाबी गरे अनुसार रूपयाको अवमूल्यनले अर्थव्यवस्थामा तीन प्रकारको चुनौतिको सबभन्दा पछिल्लो सूचक बाह्य दृष्टिकोणबाट यस प्रकार रहेको छ - बजेट घाटा खासगरीकन शक्ति वा उर्जाको क्षेत्रको असफलताका कारण संचालित ऋृण, ऋृणमा राज्यद्वारा संचालित संस्थानहरू र आर्थिक वृद्धि र कामको अवसर चीनद्वारा आयात गरीने अवसरको प्रतीक्षा। क्षेत्रीय दृष्टिकोणबाट पाकिस्तानको अर्थव्यवस्थाको केबल एक सूचकका रूपमा ठूलो नभए पनि पाकिस्तानमा प्रवाहित गरिएको वैदेशिक प्रत्यक्ष लगानी गार्हस्थ उत्पादन भन्दा पनि १ प्रतिशत कम रहेको छ, जो क्षेत्रीय अन्य देशहरू भारत र बंगलादेशभन्दा कम रहेको छ त्यसैले त्यसलाई कम से कम गार्हस्थ उत्पादन भन्दा ३ प्रतिशत माथि पुऱ्याउनु आवश्यक रहेको छ। यस महिनाको शुरूमा अन्तर्राष्ट्रिय मुद्रा कोषको स्टाफ मिशन प्रतिवेदनले पहिलो प्रारम्भिक कार्यक्रमको अनुगमन पश्चात ज्यादै तल्लो स्तरको आर्थिक नीति तथा आर्थिक व्यवस्थापनको पुष्टि गरेको छ। त्यसमा यो पनि चिन्ता व्यक्त गरिएको छ कि यदि अन्तर्राष्ट्रिय मुद्रा कोष कार्यक्रमको अवधिभित्र पाकिस्तानो अर्थव्यवस्था स्थिर नै रहन्छ भने त्यो स्वरूपका दृष्टिले व्यापक स्तरमा भ्रमात्मक हुनेछ, जसमध्येको एक कारोबार अन्तर्राष्ट्रिय तेलको मूल्यमा रचनात्मक दृष्टिले सहुलियत प्रदान गर्दा पनि वास्तविकताका दृष्टिले खस्कँदो नै रहेको देखिएको छ।

त्यससँग सबभन्दा गहिरो सम्बन्धित र महत्वपूर्ण क्षेत्रहरू यस प्रकार रहेका छन् - निर्यातको खस्कँदो अवस्थामाथि पूर्णरूपले बेवास्ता, अत्यधिक बाह्य ऋृण लिएर वैदेशिक विनियम संचिति बढाउने प्रदर्शन गर्नु, लघु कर प्रक्रियालाई निरन्तरता दिनु, कमजोर र दोषपूर्ण ऋृण व्यवस्थापन, सार्वजनिक संस्थानहरूको घाटाहरूको निरन्तर संचालन नियन्त्रणमा असफलता, उर्जा क्षेत्रमा निरन्तर ऋृण वृद्धि । सन् २०२२-२३ सम्मको अर्थव्यस्थाको भावी लक्ष्य हेर्दा त्यो स्पष्ट रूपमा ज्यादै नकरात्मक र निराशापूर्ण रहेको अवस्था बारे समेत प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख गरिएको छ। खस्कदो प्रकृतिको सम्भावना सम्बन्धि संकेतांक यस प्रकार रहेको छ -

१. गत महीना जस्तै यो प्रतिवेदनले शुरूमै स्पष्ट पारेको छ कि सेप्टेम्बर महिनाको सकारात्मक अमेरीकी डलर ७.५ बिलियनको तुलनामा खुद अन्तर्राष्ट्रिय संचिति पूर्णरूपले नकरात्मक हुन पगेको छ। यो पहिलो संकते हो कि ठूलो वा समग्र संचिति अनपेक्षित रूपले पूर्णरूपमा तल खस्कि सकेको छ, जसले गर्दा देशले मध्यावधिमा आफ्नो बाह्य ऋृण र अन्य नैतिक वचनबद्धतालाई पूरा गर्न गम्भीर चुनौतिको सामना गर्नु पर्नेछ।

२. प्रतिवेदनमा समग्र वैदेशिक विनिमय संचिति सन् २०१७-१८ को अन्त्यतिर अमेरीकी डलर १६.१ बिलियनबाट अमेरीकी १२.१ बिलियनसम्म तल झर्ने सम्भावना समेत व्यक्त गरिएको छ। वास्तबमा भन्ने हो भने यस महीनाको शुरूमा रहेको संचितिको स्तर पूर्णरूपले तल खस्कि सकेको छ। अर्को कुरा, पाकिस्तान मूलरूपले सि.पि.इ.सी. माथि निर्भर भै सकेको छ तर शीर्ष विदेशी वयापारीक प्रतिनिधिहरू त्यसको विरोधमा रहेका छन् ?

पाकिस्तानमा झण्डैले २०० संचालित विदेशी कम्पनीहरूको प्रतिनिधित्व गर्ने तथा ओभरसीज इन्भेस्टर्स चेम्बर अफ कमर्स एण्ड इण्डस्ट्री (ओ.आई.सी.सी.आई.) का सभापति (प्रेसीडेन्ट) ब्रुनो ओलिरहोखेले आफ्नो प्रतिक्रिया यस शब्दमा व्यक्त गरेका छन् - "सि.पि.इ.सी. एउटा ऋृण हो र पाकिस्तानले त्यसलाई संरचना तथा त्यसको शक्ति केन्द्रको रूपमा प्रयोग गर्दै आएको छ। विश्वव्यापी स्तरमा यो पनि सम्झिन थालिएको छ कि चीनले कुनै तवरले पाकिस्तानलाई रूपैया प्रदान गर्दै आएको छ तर त्यो त्यस्तो होइन।" सि.पि.इ.सी. को द्वैध प्रकार रणनीति यस्तो रहेको छ कि चीनले केवल सामान र फण्ड ल्याउँदैछ र निर्याचको माध्यमबाट पाकिस्तानबाट कमै प्राप्त गर्दै आएको छ। खाली कन्टेनरहरू चीन फर्कनुबाट यो कुनै अर्थ रहन जाँदैन जो बहुपक्षीय हुने बाचा गरिए पनि द्विपक्षीय मात्र हुन गएको छ। अब यो स्पष्ट भै सकेको छ कि चीन पाकिस्तान व्यापारको क्रममा अमेरीकी डलरको साटो चिनिया युआन मुद्राको प्रयोग हुनेछ यसलाई पाकिस्तानका तत्कालिन योजना र विकास मन्त्री र हाल आन्तरिक मामिला मन्त्री अहसान इकबालले भनेको थिए। आलोचक वा समीक्षकले भनेका छन् कि पाकिस्तानको अर्थव्यवस्था चीनको नियन्त्रणमा हुनेछ र पाकिस्तान पछि चीनमाथि गम्भीर रूपमा निर्भर हुँदै जानेछ।

*– एजेन्सी*

# के पाकिस्तानी सेना आफ्नो जनताको वास्तविक दुश्मन हो ?



पाकिस्तानी राजनीतिकर्मीहरूबाट हामीलाई त्यस देशका प्रिय सेना नै आतंकवादी संगठनहरूसँग संगठित भएर पाकिस्तानका अल्पसंख्यक आदिवासीहरूलाई समाप्त पार्न लागेका खबर सुन्दा आश्चर्यित र दु:खित तुल्याउँदैन ? सही अर्थमा भन्ने हो भने त्यस समाचारले कसैलाई आश्चर्यित र दु:खित तुल्याउँदैन किनकि वर्षौंदेखि हालसम्म त्यही हुँदै आएको कुरा प्राय: सर्वादित नै रहँदै आएको छ। पाकिस्तानको मुताहिदा कौमी मूभमेन्ट पार्टीका वाशिंगनस्थित संचालक र पाकिस्तान अधिकारकर्मी नदीम नुसरतले विगत केही दशकदेखि आफ्नो वक्तव्य मार्फत - "पाकिस्तानी सेना उग्रवादी भै जिहादी संगठनहरूलाई देशका अल्पसंख्यक र अधिकारकर्मीहरूमाथि आक्रमण गराउँदै आईरहेको कुरा सार्वजनिक गर्नुभएको छ।" भन्ने त्यसलाई सबैले गम्भीरतापूर्वक लिनु पर्ने आग्रह समेत गरेका छन्। उदाहरणका लागि - "पाकिस्तानी सेनाको अस्तित्व निरन्तर रूपले भारतप्रतिको सदाशयतामा आधारित रहेको छ। समाधानका दृष्टिले यदि कसैले यो सोध्दछ भने पाकिस्तान सेनाले आफ्नो अस्तित्वलाई पुष्टि गर्न गाह्रो हुनेछ।" उनले अघि यो पनि बताए कि यदि पाकिस्तानी सेना राजनीतिमा चासो बनाईराख्छ पाकिस्तान र भारतबीचको सम्बन्ध कहिले राम्रो हुँदैन। सबैलाई थाहा छ कि पाकिस्तानी सेनाले नै सन् १९४७ देखि नै सीमावर्ती दुवैतिरबाट भारतसँगको सम्बन्धलाई उत्तेजक पार्दै दुश्मनीलाई उत्कर्षमा पुऱ्याई नागरिक नेतृत्वबाट गरिएका हरेक प्रयासहरूलाई समाप्त पार्ने काम गर्दै आएको छ। नदीम नुसरतले सबैभन्दा गम्भीर र उल्लेखनीय कुरा यो छ पाकिस्तानी सेनाले पाकिस्तानबाट आतंकवादी संगठनहरूलाई धार्मिक अतिवादिता र छद्मपूर्ण क्रियाकलापहरू संचालित गर्न स्वतन्त्रता प्रदान गर्दै आएको छ। उनको टिप्पणी यस्तो थियो - "पाकिस्तानी भूमिलाई ठूलो आतंकी आक्रमण संचालन गर्ने क्षेत्रका रूपमा प्रयोग गर्ने योजना र त्यसको संचालनको स्थलका रूपमा प्रयोग गरिदै आएको छ। पाकिस्तानमा आतंकको केन्द्र संचालन गर्न र त्यसलाई सघाउनेमाथि संयुक्त राष्ट्र लगायत सबै शान्तिप्रिय राष्ट्रहरूले जिम्मेवार बनाउने प्रयास गर्नुपर्छ।"

अल्पसंख्यकहरूले शुरूदेखि नै सेनाले तिनीहरूमाथि घोर अन्याय गर्दै तिनीहरूलाई समाप्त पार्ने प्रयास गर्दै आएको आरोप लगाउँदै आएका छन्। स्वतन्त्रता प्राप्तिको केही वर्ष पछि सन् १९५० को प्रारम्भदेखि नै सेनाले सबभन्दा पहिला अहमदी समुदायलाई निरन्तर आगोमा जलाउने कार्य गर्नुका साथै तिनीहरूका धार्मिक क्रियाकलापलाई प्रतिबन्धित गर्दै तिनीहरूको पूजास्थल समेतलाई नष्ट पारी दिएका थियो। मुसलमानहरूको देशको रूपमा दाबी गरिए पनि आज चार मिलियन जनसंख्या भएका अहमदीहरूलाई देशको अपहेलित र तिरष्कृत नागरिकका रूपमा आजसम्म पनि हरदृष्टिले वञ्चित गरेर राखिएको छ। त्यस पछि सैनिक जिहादीहरूले ४० मिलियन जनसंख्या भएको शिया समुदायलाई आफ्नो निशाना बनाएका थिए र त्यसै क्रममा प्रथम प्रख्यात शिया समुदायका नेताहरूको हत्या गरिएको थियो। वास्तवमा त्यस्ता हत्याराहरूले निर्भयतापूर्वक मोटरसाइकलमा भारी हेल्मेट लगाएर पाकिस्तानी सेनाको दुश्मन राज्यको दुश्मन भन्दै हत्या गर्ने गरेका थिए तर त्यसमध्येका कसैलाई पनि कहिले समातिएन। वर्षौंसम्म सयौं शियाहरू विभिन्न प्रान्तहरूमा मारिए पनि कुनै हत्यारालाई कहिले कुनै प्रताडना पनि दिईएन भने कसैलाई पनि कुनै सजाय समेत दिईएन। त्यस्ता आक्रमणहरू असंख्य र घोरनृशंसतापूर्ण रहेकाले सन् २०१५ मा संयुक्त राष्ट्रले पाकिस्तानलाई त्यस्ता हत्याराहरूमाथि कारबाहि गर्नेआदेश दियो। एक वर्ष पछि मे, २०१६ मा जिन्ना इन्सिच्यूटका एक प्रख्यात थींक टैंकले धेरै लामो समयदेखि पाकिस्तानमा शिया मुसलमानहरूमाथि घोर अत्याचार हुँदै आएको छ र त्यस्ता उग्रतापूर्ण काम कारबाहिका क्रममा २०१२ र २०१५ को अवधिमा १९०० भन्दा बढी शिया मुसलमानहरू मारिएको प्रतिवेदन प्रस्तुत गरेका थिए।

पाकिस्तानमा रहेका अल्पसंख्यकहरूमध्ये हिन्दू र ईसाईहरू हरेक प्रकारले सुन्नीहरूबाट ज्यादै नै पिडीत रहेका छन्। सुन्नीहरूले तिनीहरूका छोरीहरू र महिलाहरूलाई जबरजस्ती अपहरण गरी बलात्कार गर्दै धर्म परिवर्तन गराई तिनीहरूसँग विहे समेत गर्ने गरेका छन्। पाकिस्तानी लेखिका र पत्रकार फरहनाज इस्पाहनीले २०१७ मा वाशिंटनमा पाकिस्तानमा रहेका अल्पसंख्यकहरू सम्बन्धमा बडो सटीक टिप्पणी गर्दैभनेकी थिइन - "भारत र पाकिस्तानको विभाजन पूर्व इस्लाम बाहेकका अन्य धर्मावलम्बीहरू हिन्दू, सिख, ईसाई, पारसी लगायतका धर्मावलम्बीहरूसँग बडो स्वस्थ र राम्रो सम्बन्ध सन्तुलन रहेको थियो, जो त्यहीको जनसंख्याको एक चौथाईबाट अहिले प्रतिदिन ३ प्रतिशतले झर्दै आएको छ र त्यसलाई म सबभन्दा खतरनाक र दमनकारी धार्मिक निर्मूलन कार्य मान्दछु। जो क्रमिक रूपमा दिन-प्रतिदिन शासकहरूद्वारा बडो तीव्र गतिले जिहादी संस्कृतिलाई विस्तारित गर्दै पाकिस्तानलाई विनाशतिर ओराल्दै लगेको छ ?" बलोच, सिन्धिहरू, पश्तुनहरू निर्वाध रूपमा सयौंको संख्यामा मारिँदै आएका छन् भने लाखौंका संख्यामा रहेकाहरू आफ्ना घर खेत त्यागेर सेनाद्वारा संरक्षित आतंकवादी संगठनहरू हक्कानी संजाल, तहरीक-ए-तालिवान लगायत अन्य त्यस्ता संगठनहरूको नरसंहारिक क्रियाकलापले पाकिस्तानबाट पलायन हुँदै गएका छन्। पाकिस्तानी सेनाको त्यसमा संलग्नताका कारण पुरूष, महिला, पत्रकार तथा सामाजिक संचारकर्मीहरू समेत बेपत्ता पारिँदैछन् र त्यसमध्ये मारिएकाहरू अधिकांश गुप्त रूपमा कब्रमा गाडिदैछन र त्यस्ता थुप्रै कब्रहरू हालै बलोचिस्तानमा फेला पारिएका छन्। यस वर्षको मार्चको शुरूमै एमनेटरी इन्टरनेशनलले सेनाको भूमिका सम्बन्धमा यस्तो टिप्पणी सार्वजनिक गरेको थियो - "बेपत्ता पार्ने कार्य आतंकको अस्त्र हो र यदि यो निरन्तर व्यापक स्तरमा हुँदै गयो भने त्यो मानवताविरूद्धको जघन्य अपराधिक कार्य हुनेछ।" त्यसैले सेनाले त्यसलाई तुरून्त बन्दगरी आफ्नो संरक्षणतिर पनि सोच्नु पर्छ।

*– एजेन्सी*

## भारतीय प्रधानमन्त्रीको भ्रमणको मिति अनुमोदन

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बैशाख २८ मा दुई दिने राजकीय भ्रमणका लागि काठमाडौं आउने निश्चित भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले भारत सरकारले प्रस्ताव गरेकै मितिलाई अनुमोदन गरेपछि मोलीसोही दिन नेपाल आउने निश्चित भएको हो। भारतीय प्रधानमन्त्री मोदी आफ्नो कार्यकालमा तेस्रोपटक नेपाल भ्रमणमा आउन लागेका हुन्। छिमेकीलाई चित्त नदुखाउने नीति लिएको भन्दै प्रधानमन्त्री ओलीले त्यही तिथिलाई स्विकार गरेको अधिकारीहरूले बताएका छन्। आगामी शुक्रबार चीन जान लागेका मोदी त्यहाँबाट फर्केको एक सातापछि नेपाल आउने तय भएको हो। यसैबीच भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणको तयारी स्वरूप भारतबाट एडभान्स टिम नै आएर काम गर्न थालिसकेको छ। शिष्टाचार महापालसहितको टोली केही दिनपछि आउने भए पनि, सुरक्षा निकायका टोली भने काठमाडौं आइ सकेका छन्।

## कार्यालय प्रमुखद्वारा अभिभावकत्व ग्रहण

बाँके। खजुरा गाउँपालिकाका १० जना बालबालिकाको यहाँका १० जना कार्यालय प्रमुखले अभिभावकत्व ग्रहण गरेका छन्। बाँकेका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसीले त्यस गाउँपालिकास्थित जनसेवा माविमा कक्षा ९ का बलबहादुर सुनारको अभिभावकत्व ग्रहण गरेका छन्। सोही विद्यालयमा अध्ययनरत अन्य नौजनालाई महिला तथा बालबालिका कार्यालय प्रमुख शोभा शाह, क्षेत्रीय निर्वाचन अधिकारी वसन्तराज अधिकारी, निमित्त शिक्षा एकाइ प्रमुख गोर्खबहादुर थापा, जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर तामाङ लगायतका कार्यालय प्रमुखहरूले एक/एक जना विद्यार्थीको अभिभावकत्व ग्रहण गरेका छन्। उनीहरूले बालबालिकाहरूलाई झोला र स्टेशनरी सामग्री हस्तान्तरण गर्दै अभिभावकत्व ग्रहण गरेका छन्। अभिभावक गुमाएका बालबालिकाको अभिभावकत्व ग्रहण गरेर आफूहरूले समाजमा सकारात्मक सन्देश दिने प्रयास गरेको बताइएको छ।

## जिल्ला समाचार

### प्रधानसेनापतिद्वारा अभ्यासको निरीक्षण

धनुषा। प्रधानसेनापति राजेन्द्र क्षत्रीले शुक्रबार मध्य पूर्वी पृतना हे.क्वा. तथा सोही पृतना अर्न्तगत धनुषा जिल्लाको भिमानमा सञ्चालित फिल्ड ट्रेनिङ्ग अभ्यासको निरीक्षण गरेका छन्। सोहि क्रममा उनले तालिम ईलाकाको स्थलगत वस्तुस्थिति, बन्दोबस्ती, अभ्यासमा सहभागी भएका शिक्षार्थीहरूले प्रदर्शन गरेको डेमोन्स्ट्रेसनको अवलोकन लगायत अन्य विविध पक्षबारे जानकारी हासिल गर्नुको साथै अभ्यासमा भाग लिने फौजलाई सम्बोधन गरेका थिए। प्रधानसेनापति क्षत्री अभ्यासको निरीक्षण सम्पन्न गरी शुक्रबारै काठमाण्डौं फिर्ता भएका छन्।

### वडा अध्यक्ष बने बालकको अभिभावक

रौतहट। रौतहटको सबैभन्दा पुरानो गौर नगरपालिकाका वडा नम्बर १ का वडा अध्यक्ष भरत साहले एक जना बालकको अभिभावकत्व ग्रहण गर्दै विद्यार्थी भर्ना अभियानमा सहभागी भएका छन्। वडा अध्यक्ष साहले रौतहटको गौर नगरपालिका वडा नम्बर १ स्थित आधारभुत प्राथमिक विधालयमा अति विपन्न सोहि वडाका महेश दासको ४ वर्षिय छोरा अभिभावक हुदा पनि गरिबीका कारण शिक्षा बाट वंचित भएको भन्दै सो बालकको अभिभावकत्व ग्रहण गरी शैक्षिक जिम्मेवारी लिएका हुन्। गौर नगरपालिका १ का महेश दासका छोरा देव कुमार दासलाई कक्षा १ भर्ना गराउँदै आवश्यक शैक्षिक सामग्री तथा पोशाक समेत उपल्बध गराएका छन्। साहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न अत्यन्त मिहिनेत गर्नुपर्ने बताउँदै गुणस्तर सुधार गर्न सके भर्ना अभियान अझै प्रभावकारी हुने बताए। उनले विद्यालय जानबाट बञ्चित बालबालिकाको अभिभावक बन्न पाउँदा खुशी लागेको बताउँदै यो अभियानमा सबैको हातेमालो आवश्यक रहेको बताए। विद्यालयका प्रधानाध्यापकले विपन्न बालकको अभिभावक बनेर साथ दिएकोमा आफूलाई विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न हौसला मिलेको बताए। कार्यक्रमको अवसरमा सोहि दिन विधालय भर्ना हुने अन्य बालबालिकाहरूलाई समेत वडा अध्यक्ष साहले आफ्नो निजी तर्फबाट एक एक जोड विधालय पोशाक र स्टेशनरी वितरण गरेका थिए।

### महोत्तरीमा पूर्वविद्यार्थी मञ्च गठन

महोत्तरी। नेपाल छात्रवृति कार्यक्रमअन्तर्गत छात्रवृति प्राप्त गरेकाहरूले नैना कुमारी महराको अध्यक्षतामा पूर्व विद्यार्थी मंच गठन गरेका छन्। नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ महोत्तरी शाखाले आयोजना गरेको वैठकमा छात्रबृति प्राप्त गरेका विद्यार्थीहरूले प्रोत्साहन कार्यक्रमहरू गर्ने निर्णय समेत भएको छ। नेपाल छात्रबृति कार्यक्रम अन्तर्गत विशेष लक्षित, अति जोखिम तथा रोल मोडेल विद्यार्थीहरूलाई प्रतिमहिनामा चार सयदेखि दुई हजार पाँच सय रूपैयासम्मको छात्रबृति दिने गरिएको कार्यक्रमका जिल्ला कार्यक्रम संयोजक प्रेम जैरूले बताएका छन्। बैठकमा शाखा अध्यक्ष बिक्रम पासवान, साझा आवाज परियोजनाका महोत्तरी संयोजकसहित ३० जना बैठकमा सहभागी भएका थिए।

### राजनीति कमाइखाने भाँडो : केसी

रूपन्देही। राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले तीन ठूला दलले राजनीतिलाई मागिखाने भांडो बनाएको बताएका छन्। सत्तामा बसिरहन मनपराउने कांग्रेस, एमाले र माओवादीहरूले राजनीतिलाई कमाईखाने उद्योग बनाएको दावी गरेका छन्। शुक्रबारदेखि बुटवलमा सुरू भएको अखिल नेपाल शिक्षक संघको तेश्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै राजनीति गर्ने मान्छेहरू जोगी हुनपनि तयार हुनुपर्ने बताए। उनले राजनीति गर्ने मान्छेले निष्ठाको राजनीति नगरेसम्म देश सुध्रन नसक्ने उल्लेख गर्दै व्याक्तिहरू मोटाउंदै जाने र देश टाट पल्टिने बताए। कांग्रेस, एमाले, माओवादीले सत्ता र शक्तिको राजनीति गरेकाले देशमा भ्रष्टाचार र अराजकता मौलाउंदै गएको बताए।

### गाउँको विवाद गाउँमै समाधान गर्न प्रतिबद्ध

कपिलवस्तु। ८ दिने सामुदायिक मेलमिलापकर्ताका लागि आधारभूत प्रशिक्षण कार्यक्रम तालिम सम्पन्न भएको छ। अब हामी गाउँको विवाद गाउँमै समाधान गर्न मेलमिलामको माध्यमले समाधान गराउने प्रतिबाद्धता गरेका छन्। २०७५ बैशाख २ गते देखि संचालन भएको तालिम सोमबार सम्पन्न भएको छ। तालिममा सहभागी राजेश चौधरलि आफुले मेलमिलाप भनेको गाउँमा पञ्चायति व्ययावस्थामा गराउने मेलमिलाप बुझेका थिए। तर तालिलमा मेलमिलापको बारेमा सबै विवादीतपक्षको जित गराई सबैलाई खुशी पर्नु रहेको जानकारी भएको बताएका छन्। त्यस्तै कार्यक्रममा सहभागी मायादेवी गाउँपालिका वार्ड नं. ५ कि सत्वाती देवी रैदास उनले आफु दलित समुदायको भएको तथा यस तालिमले हामी सबै समुदायलाई समेटेर कार्यक्रममा सहभागी गराएकोमा धन्यवाद व्यक्त गरिन्। उनले थपिन, 'गाउँमा सबैभन्दा बढी दलित समुदायमा विवाद हुने गरेको छ। त्यसलाई समाधान गर्न अब म लागि पर्नेछु।' कार्यक्रममा मायादेवी गाउँपालिकाका सबै वडाका २६ जनाको सहभागिता रहेको थियो। कार्यकममा विवाद, विवादको स्वरूप, कारण, चरण, सामुदायिक अन्तरनिर्भरता, प्रचलित उपायहरू, मेलमिलापको ऐतिहासिक विकासक्रम, विवाद समाधानका रणनीतिहरू, मेलमिलापकर्ताको भूमिका र दायित्व, मान्यता, हित अडान सम्वन्धी जानकारी गराईएको थियो।

### हटियाका लागि नयाँ भवन निर्माण हुने

राजविराज। राजविराजको हटियालाई गुणस्तरीय र व्यवस्थित बनाउनका लागि सप्तरीको राजविराजस्थित हटियामा नयाँ भवन निर्माण गर्न लागिएको छ। करीब रू ३७ करोडको लागतमा निर्माण गर्न लागिएको भवनमा ३०० कोठा र टहरा निर्माण गरिने राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले बताए। नेपालको सबैभन्दा पहिलो नगर योजना ( टाउन प्लानिङ) गरी बनाइएको राजविराज नगरपालिका र सो क्षेत्रमा पर्ने तरकारी हटियाको मुहार फेर्नका लागि सो भवन निर्माण गर्न लागिएको प्रमुख यादवले जानकारी दिए। विसं २०१६ मा स्थापना भएको राजविराज नगरपालिकामा अव्यवस्थितरूपमा रहेको हटियालाई राजविराज नगरपालिकाले नयाँ भवन निर्माण गरी व्यवस्थित ढंगले हाट बजार सञ्चालन गर्ने योजनाका साथ सोमबारदेखि पुन:निर्माणको कार्य थालिएको राजविराज नगरपालिकाले जनाएको छ। हाल हटियामा मानव जातिको जन्मदेखि मरणसम्मका लागि चाहिने सम्पूर्ण सामग्रीका साथै खाद्यान्न, ताजा तरकारी, फेन्सी सामग्री, औषधि, सियो, धागोदेखि नूनतेलसम्म पाइने गरेको छ। भारतको गुलाबी शहरको नामले प्रख्यात जयपुर शहरको नक्सामा आधारित राजविराज बजारलाई विसं २०१६ मा टाउन प्लानिङ गरिएको थियो।

### प्याथल्याब पिसिआर परीक्षण सुरू

रूपन्देही। बुटवलमा सञ्चालति नेशनल प्याथल्याव ए लेवलमा सुचिकृत भएको छ। नेशनलप्याथ ल्यावलाई नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तरगत स्वास्थ्य विभागको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले ए लेवलको प्रमाणपत्र प्रदान गरेको हो। राष्ट्रियजनस्वास्थ्य प्रयोगशालाले काठमाण्डौ सहित बिरगञ्ज, पोखरा र बुटवलका सातवटाल्यावलाई ए लेवलको प्रमाणपत्रप्रदान गरेको छ। जस अन्तरगत प्रदेशपाँचमा नेशनलप्याथ ल्यावमात्रै ए लेवलमा सूचिकृत भएको हो। नेशनल प्याथल्यावले विभिन्नक्यानसर, भाईरस, सर्ने तथानसर्ने रोगहरूको भरपर्दो प्रविधिबाट ल्याव परिक्षणगरि बिशिष्ट सेवागर्दै आएको ल्यावकाअध्यक्ष रूद्रबहादुर कार्कीले जानकारी गराए। ए लेवलको प्रयोगशाला (ल्याव)मा हेमाटोलोजी, बायोकेमिष्ट्रि, इन्डोक्राईनोलोजी, हिष्टोप्याथोलोजी, इम्युनोलोजी, क्लिनिकलप्याथोलोजी र मोलिकुलर गरी कम्तिमा ६ वटा विभाग हुनु पर्दछ।

### मुस्लिम सोसाइटीको आपत्ति

कपलिवस्तु। नेपाल पत्रकार महासंघको आसन्न प्रदेश निर्वाचनमा मुस्लिम समुदायको प्रतिनिधित्व नगराइएकोमा मुस्लिम मिडिया सोसाईटीले आपत्ति जनाएका छन्। मुस्लिम मिडिया सोसाईटीका अध्यक्ष इमरान खानले आइतवार प्रेस विज्ञप्ति जारी गर्दै प्रदेश नं. ५ मा मुस्लिम समुदायका पत्रकारहरूको बाहुल्यता हुँदाहुँदै मुस्लिम समुदायका पत्रकारलाई समावेश नगराइएकोमा आपत्ति जनाएका हुन्। प्रदेश नं. ५ मा मुस्लिम कोटामा गैरमुस्लिम पत्रकारलाई समेटिएको भन्दै सोसाइटीले आपत्ति जनाएको छ। सो विज्ञप्तीमा नेपाल पत्रकार महासंघको विधान बिपरीत नेपाल पत्रकार महासंघ प्रदेश नं. ५ को प्रदेश समितिको उम्मेदवारको प्रकासन गरिएको नामावाली हेर्दा अल्पसंख्यक मुस्लिम समुदायको सिट हुँदाहुँदै पनि अल्पसंख्यक मुस्लिम पत्रकारलाई समावेश नगराइएको उल्लेख गरिएको छ।

# ‘भोर’ यथार्थवादी चलचित्र हो



यादव भट्टराई
निर्देशक

**० तपाईले निर्देशन गर्नु भएको ‘भोर’ चलचित्रको कथावस्तु के हो छ ?**

- मधेशमा व्याप्त रहेको महिला हिंसाको प्रमुख कारण बनेको दाइजो प्रथाको विषयमा बनेको कथा हो ‘भोर’ । यो कथाले एउटा परिवार र समाजलाई कसरी गाँजेको छ भन्ने व्यथालाई खोत्ल्ने प्रत्यन गरेको छ ।

**० ‘भोर’बाट तपाईले दिन खोज्नुभएको सन्देश के हो ?**

- कानुनले गैरकानुनी भनेर घोषणा गरिसकेको दाइजोलाई हामीले सामाजिक रूपमा स्वीकार गरेर आफूले आफैंलाई दुःख दिने कार्य गरि रहेका छौं । यो कुनै व्यक्ति विशेषको कुरा होइन । हाम्रो समाजमा चेतनाको स्तर वृद्धि भएसँगै यो प्रथा घट्दै जानुपर्दथ्यो तर अझ बढ्दै जाने अवस्था भएकोले विशेष गरेर मधेशलाई असर गरिरहेको छ। यो एउटा सामूहिक समस्या भएता पनि सामाजिक प्रतिष्ठालाई आधार मानेर निरन्तरता दिइरहेका छौं । तर यो प्रथाबाट कोही पनि खुसी छैन । यो प्रथालाई जरैदेखि उल्लेखनु पर्छ भन्ने सन्देश ‘भोर’ फिल्म मार्फत हामीले दिन खोजेका छौं ।

**० दाइजो लगायतका विकृति मधेशमा मात्र छ कि देशभरी र हेको छ ?**

- दाइजोको कारण भइरहेको अपराध किन वृद्धि भइरहेको छ भन्ने खोजी पनि हामीले गरेका छौं । यद्यपि दाइजो दिने चलन देशभरी रहेको छ तर मधेशमा खुलेआम दाइजो आदान-प्रदान हुन्छ । मधेश एउटा विम्म मात्र हो । राज्यको तर्फबाट मधेशलाई जुन रूपमा व्याख्या गरियो त्यो नै गलत छ । आज समाजमा दाइजो लगायतका सामाजिक विकृति, विकासमा पछाडिपन, भ्रष्टाचार, शिक्षा, स्वास्थ्यको क्षेत्रमा आज मधेशका जनता किन पछाडि परेका छन् राज्यले त्यहाँको जनताको अभिभावकत्व दिन सकिरहेको छैन । ९५% भन्दा बढी दाइजोको मुद्दामा पीडितले न्याय पाएका छैनन् । राज्यका निकायले आफ्नो जिम्मेवारी पूरा गर्न सक्दैन भने त्यस्ता सामाजिक विकृति घट्नेभन्दा झन् बढ्दै जान्छन् । समग्र हाम्रो खोज भनेको समाजले महिलाप्रति हेर्ने दृष्टिकोण के हो भन्ने हो । मधेश र दाइजो भन्ने एउटा शीर्षक मात्र हो । मधेशमा राज्यको कमजोर उपस्थितिले गर्दा जुन सामाजिक अत्याचार बढिरहेको छ त्यसप्रति हाम्रो ध्यान गएको हो ।

**० तपाईंले चलचित्रको शीर्षक ‘भोर’ नै राख्नुको कारण ?**

- दाइजो एउटा अध्यारो रातको कथा हो । त्यसभित्रको जुन कठिनपूर्ण संघर्ष हुन्छ त्यो संघर्षपछि जे कुरा प्राप्त हुन्छ, त्यही नै ‘भोर’ हो । त्यो अध्यारोबाट उज्यालो तर्फ गयो त्यसलाई पहिलो प्रकाश भन्ने अर्थले ‘भोर’ भन्नेर एउटा विम्वात्मक रूपमा यो नाम राखेका हौं । ‘भोर’को रूपमा जुन प्रकाश आएको छ त्यसलाई अगाडि बढाउन जरूरी छ, त्यो विकासको अभावले गर्दा पछाडि पर`को हो । राज्यलाई मात्र दोष दिएर हुँदैन, हामी आफैंले पनि अहिलेसम्म धेरै कुरा प्राप्त गरिसकेका छौं । जब यो विकृति हो भन्ने थाहा छ भने सरकार ले केही गरेन भनेर बसेर हुँदैन । आफ्नो प्रदेशको विकासको लागि र विकृति हटाउनका लागि प्रदेश सरकार पनि अगाडि बढ्नुपर्छ ।

**० तपाईले समाजमा रहेको विकृतिको विषय उठाएर चलचित्रको निर्माण गर्नुभएको छ । व्यवसायिक रूपमा सफल हुन्छ भन्नेमा कति विश्वस्त हुनुहुन्छ ?**

- दर्शकले यो चलचित्र रूचाउने छन् भन्नेमा हामी विश्स्त छौं । किनकी बजारमा यस्तो चलचित्रको अभाव छ । चलचित्र *झोला*को सफलतापछि हामीलाई हौसला मिलेको छ । सामाजिक चेतना जगाउन सकिने चलचित्र निर्माण गर्न सकियो भने व्यवसायिक रूपमा सफल हुन्छ भन्ने हामीलाई थाहा भइसकेको छ । सती प्रथामा श्रीमान्को मृत्यु भइसके पछि श्रीमतीले जिउँदै जल्नु पर्दथ्यो । अब दाइजोको कारण छोरी जन्माउनै चाहँदैनन्, भ्रुण हत्या बढेको छ । मधेशमा निम्न र मध्यम परिवारमा १३/१४ वर्षमा नै छोरीको विवाह गरिन्छ । दाइजोले समाजलाई यति कठिन अवस्थामा पुऱ्याएको छ कि छोरीलाई पढाउनु पर्छ भन्ने विषय नै त्यहाँ गौण भइसकेको छ । दाइजोको कारणले निम्न पनि सक्छ तर हाम्रो चलचित्रको तस्वीरले चाँही आशाको किरण दिन्छ ।

**० यो चलचित्र निर्माणको क्रममा तपाईंले झण्डै २ वर्ष मधेशमा बिताउनु भयो । यो अवधिमा मधेशलाई कसरी बुझ्नु भयो ?**

- मधेश भनेको हरेक क्षेत्रमा असाध्यै ठूलो सम्भावना भएको क्षेत्र हो । सार ा सम्भावना भएर पनि आज चेतना एकातिर मातृत्वमाथि नै आक्रमण भइर हेको छ भने अर्कोतिर छोरीलाई शिक्षाबाट वञ्चित गरिएको छ । हिंसा मध्येकै सबैभन्दा खतरनाक हिंसा दाइजो हो ।

**० मधेशमा नेपाली चलचित्रले खासै व्यापार गर्दैन किन होला ?**

- अहिलेसम्म नेपाली भाषाका चलचित्रले मधेशलाई चिनेकै छैन । नेपाली भाषाका चलचित्रले मधेशको विषयलाई सकार ात्मक रूपमा उठाएकै छैन । हामी अन्तर ाष्ट्रिय चलचित्रका बजारका कुरा गर्छौं तर हाम्रो देशभित्रको बजारलाई विश्वासमा लिएर व्यापार गर्न सकेका छैनौं । नेपाली फिल्म मधेशका दर्शकले नि बुझ्छन् तर त्यहाँ नेपाली फिल्मको आकर्षण नै भएन । किनभने मधेशका जनताले नेपाली भाषाका चलचित्रमा आफ्नोपन नै देख्न सकेका छैन । त्यो आफ्नोपन ‘भोर’ चलचित्रबाट दिन सक्छौं र मधेशमा पनि यो चलचित्रले र ाम्रो व्यापार गर्छ भन्ने हाम्रो विश्वास र हेको छ ।

**० चलचित्रमा कलाकारको चयन कसरी गर्नुभएको छ ?**

- हाम्रो चलचित्रको कथाले जे पात्रहरू मागेको छ, त्यसैलाई हामीले चयन गर`का छौं । जनकपुर वरपरको कथा भएको हुनाले त्यही किसिमको भाषा र भेषभूषाको छनोट गरेका छौं । यथार्थवादी चलचित्र बनेको कारणले गर्दा र मिथिलाको विषयमा बनेको चलचित्र हुनाले स्थानीय कलाकारहरूलाई चयन गरेका छौं । विशेषतः धनुषा जिल्लाभरी यो चलचित्रको छायांकन भएको छ । चलचित्रमार्फत मधेशलाई देखाउने कोशिस पनि हामीले गरेका छौं ।

**० विगत एक दशकलाई हेर्दा नेपाली चलचित्रमा मधेशको कथावस्तुले क्रमशः स्थान पाउन थालेको देखिन्छ, अब नेपाली चलचित्र जगत्ले पनि मधेशको महत्वलाई बुझ्न थालेको भन्न सकिन्छ ?**

- हामीने बुझेका छौं र बुझ्नु पनि पर्छ । किनकी ‘भोर’ चलचित्रले व्यवसायिक रूपमा सफल भएर एउटा राम्रो चलचित्रको रूपमा स्थापित हुनसक्छ । मधेशमा रहेका कलाकार, मधेशको बजार, मधेशमा छायांकन हुन सक्ने स्थानहरू कहिल्यै खोजी नै भएन । मधेशको भावनालाई समेटेर फिल्म बनाउन सकेको भए नेपाली चलचित्रले मधेशमा ठूलो व्यापार गर्न सक्थ्यो । अब हामी संघीयतामा गईसकेका छौं । त्यसैले आफ्नो क्षेत्रमा रहेको अवसर को खोजी गरेर अगाडि बढ्नुपर्छ र चलचित्रबाटै भए पनि मधेश र पहाडलाई जोड्ने दिशामा अगाडि बढ्नुपर्छ ।

**० विगतका चलचित्रमा मधेशलाई किन नसमेटिएको होला ?**

- विगतमा मधेशलाई एउटा रहस्य बनाइयो । हामीले नेपाली हौं भनेर हिमालदेखि मधेशसम्मको सबैले महसुस नै गर्न सकेनौं । हामीले विभिन्न रूपमा हेऱ्यौं । हामी सबै मानव हौं भनेरै स्वीकार गर्न सकेनौं । अब त्यो दूरी धेरै रहनुहुँदैन । हामीले चेतनाको स्तरमा वृद्धि गर्दै समग्र नेपाली एक भएर रहनुपर्छ ।

**० ‘भोर’ चलचित्र कहिलेदेखि कहाँ-कहाँ प्रदर्शन हुँदैछ ?**

- ‘भोर’ चलचित्र यही बैशाख २१ गतेदेखि देशव्यापिरुपमा प्रदर्शन हुँदैछ । हल नभएको ठाउँमा यो चलचित्र लिएर हामी गाउँगाउँमा जानेछौं र अभियानको रूपमा यसलाई चलाउने छौं ता कि दाइजो एउटा सामाजिक अपराध हो भन्ने चेतना मात्र जगाउन सकियो भने पनि ठूलो परिवर्तन हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

> **मधेशको भावनालाई समेटेर फिल्म बनाउन सकेको भए नेपाली चलचित्रले मधेशमा ठूलो व्यापार गर्न सक्थ्यो ।**

## ओली-मोदी केमेष्ट्री मिलेको छ

काठमाडौं । भारतका लागि पूर्व नेपाली राजदुत डा. दुर्गेशमान सिंहले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण सफल हुने विश्वास व्यक्त गरेका छन् । मोदीले तीन पटक नेपालको भ्रमण गर्नु अभूतपूर्व हुने उनको भनाई थियो । रिपोर्टर्स क्लब नेपालले गरेको साक्षात्कारमा पूर्व राजदूत सिंहले मोदीले नै नेपाल र भारतबीच कायम रहेको उच्चस्तरीय भ्रमण आदान-प्रदानको खडेरी समेत समाप्त पारेको बताए । मोदीको पहिलो नेपाल भ्रमणले आपसी सहयोगको ढोका समेत खोलिदिएको सिंहको भनाइ छ । मोदी र ओलीबीचको ‘केमेष्ट्री एण्ड अण्डरस्ट्यािण्डङ्’ मिलेको बताउँदै उनले भारतलाई नेपालको र नेपाललाई भारतको सहयोगको आवश्यक रहेको उल्लेख गरे । यस्तै, कार्यक्रममा नेकपा एमालेका नेता एवम् नेपाल-भारत प्रबुद्ध समूहका नेपाल तर्फका सदस्य डा. राजन भट्टराईले काठमाडौंमा मात्रै नभएर अब दिल्ली र बेईजिङमा पनि भारत-नेपाल-चीनबीचको त्रिदेशीय साझेदारीबारे बहस सुरु भएको बताए । उनले भने,‘नेपाल, भारत र चीनबीच त्रिदेशीय साझेदारी हुनुपर्छ भनेर अब नेपालको राजधानी काठमाडौंमा मात्रै नभएर दिल्ली र बेईजीङमा पनि छलफल हुने भएको छ, भारतीय प्रधानमन्त्री मोदी चीन भ्रमणमा जाँदैहुनुहुन्छ, चीनमा रहँदा मोदी र चीनीयाँ राष्ट्रपति सि जिनपिङबीच नेपालको बारेमा पनि चर्चा हुन्छ ।’

## मोदीलाई अभिनन्दन गर्ने तयारी तीव्र

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई जनकपुरमा अभिनन्दन गर्न प्रदेश सरकारले तयारी थालेको छ । प्रदेश २ का मुख्यमन्त्री लालाबाबु राउतले भारतीय प्रधानमन्त्रीको जनकपुर भ्रमणको तयारीका लागि प्रदेश सरकार विभिन्न समिति बनाएर तयारी थालेको बताएका छन् । मोदीको भ्रमण भव्यताका साथ सफल बनाउन जनकपुरको सरसफाइ, सुरक्षा, मञ्च व्यवस्थापनका लागि बैठक बसेको छ । मुख्यमन्त्री राउतले मोदीको भ्रमणका लागि जनकपुरमा गरिने तयारी बारे प्रदेशका मन्त्री, सुरक्षा निकाय, जनकपुर उप-महानगरपालिका मेयर लगायतका सरोकारवालाहरूसँग छलफल गरेका छन् । मुख्यमन्त्री राउतले भने,‘मोदीको जनकपुर भ्रमणमा प्रदेश २ का नागरिकलाई सहभागि गराएर सम्मान गर्न हामी विभिन्न समिति र उप समिति बनाएर अगाडि बढ्ने निर्णय गरेका छौ ।’ जनकपुर भ्रमणको क्रममा मोदीले जानकी मन्दिरमा पद दर्शन तथा पुजापाठ र नागरिक अभिनन्दनका लागि प्रदेश सरकारले तयारी थालेको हो । जनकपुरको आकर्षण बढाउन बैठकबाट सबै पक्षले आ-आफनो पक्षबाट भुमिका निर्वाह गरी मोदीको भ्रमण सफल बनाउने निर्णय भएको राउतले जानकारी गराए ।

## वर्तमान सरकार...

सामाजिक सञ्जाल र नयाँ आयामहरू पनि समेटिने छन् । अर्धन्यायिक निकायको रूपमा नवनिर्माण गर्ने, जसमा प्रत्येक प्रदेशबाट १/१ जना गरी ७ जना, समावेशी (दलित, जनजाति, महिला, मधेशी) गरी ४, पूर्व न्यायाधीश २ जना गरी जम्मा १३ हुनुपर्छ । पत्रपत्रिकाको वर्गीकरण कार्य बन्द गरी उक्त बजेट प्रदेशस्तरीय पत्रकार प्रशिक्षण केन्द्र, देशदर्शन, पत्रकारको स्तरोन्नति र भौतिक सवलीकरणमा सदुपयोग गरिनुपर्छ ।

आसचपु (आर्थिक सहायता, चन्दा र पुरस्कार) व्यवस्थित हुनुपर्छ । सबै खसआर्य शोषक होइन, सबै मधेशी पीडित होइनन् । सबै दलित गरीब छैनन्, सबै जनजाति अनपढ छैनन् । नागरिकता नेपालको बोक्ने र अन्यत्रका सिपाही भएर काम गर्नेहरूको पहिचान हुन जरूरी छ । सबै खालका आरक्षण खारेज गरेर अवसर वितरणका मापदण्ड जात, धर्म, समुदाय होइन, वर्ग र आवश्यकता मात्र आधार बनाइनुपर्छ । कम्तीमा शिक्षा, स्वास्थ्य, सुरक्षा र परराष्ट्र सेवामा रहेकाहरू सेवाअवधिभर राजनीति गर्न नपाउने, दलीय आवद्धता राख्न नपाउने, विदेशी नियोगसँगको सम्बन्ध राख्न नपाउने व्यवस्था हुनुपर्छ । रेतमा रोजगार गर्न बाध्य रहेकाले आ-आफ्नो खेतमा रोजगार दिने अवस्थाको निर्माण गरिनुपर्छ । कर्मचारीलाई निगरानी, नेतालाई नगद र पत्रकारलाई चालिसा थमाएर देश बन्दैन । नेताले नीति, कर्मचारीले काम र पत्रकारले निगरानी थाल्नुपर्छ, देश बनाउन । नेताले निगरानी गर्ने र नीति बनाउने हो, नगद बोकेर हिंड्ने होइन । नेतासँग विकासको योजना बनाउने हो, पैसा बोकेर जाने होइन । विकासका सम्पूर्ण काम एकै कार्यालयमार्फत् र खानेपानी, ढल, बिजुली, फोन, सडकहरूको एउटै निकाय हुनुपर्छ । राजस्व तिर्ने ठाउँ एउटै रहने व्यवस्था हुन आवश्यक छ । सबैखाले राजस्व एकै ठाउँबाट तिर्न पाउँदा जनताको समय र तनाव कम हुन्छ ।

नेपालमा रहेका गैरसरकारी संघसंस्थाको हकमा आफ्ना स द स्य बीच संकल न ग रिएका कुरा मात्र बाँड्न मिल्ने ग री कानून ब नोस् । एनजिओले करोडौ ल्याएर ह जारौ ख र्चिने अनि स माजसेवी ब न्ने काम ब न्द हुँदा राम्रो हो । आइएनजिओले र विदेशी दूतावासले आफ्नो सम्पूर्ण सहयोग सिधा सरकारलाई दिने व्यवस्था गरिनुपर्छ । शिक्षा, स्वास्थ्य र सार्वजनिक यातायात शतप्रतिशत सरकारको नियन्त्रणमा हुनुपर्छ । एउटै स्तर र संरचनाका व्यवस्था देशभरि हुनुपर्छ ।

## आर्थिक समाचार

### मेडिसिटीसँग नगदरहित सेवा सम्झौता

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नेपाल मेडिसिटी हस्पिटल बिच सेवा प्रदान गर्ने सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नेपाल मेडिसिटी हस्पिटलका महाप्रबन्धक विजय रिमालले हस्ताक्षर गरेका छन् । यस सम्झौता पश्चात आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट औषधोपचार बीमा सेवा खरिद गर्ने ग्राहकहरुको बीमालेखको सीमासम्म नेपाल मेडिसिटी हस्पिटलबाट नगदरहित हस्पिटलाईजेसन सेवा प्राप्त हुनेछ । सोही अवसरमा आइएमई जनरल इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले नेपाल मेडिसिटी हस्पिटलले कम्पनीसंगको सहकार्यमा कम्पनीका ग्राहकहरुलाई बीमालेखमा तोकिएको सीमासम्म क्यासलेस हस्पिटलाइजेशन सुविधा प्रदान गर्ने इच्छा व्यक्त गरी सम्झौता गरेकोमा अस्पतालको संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिए ।

### “मेकर स्पेस”लाई बृज सिमेन्टले सघाउने

काठमाडौं । कीर्तिपुरमा निर्माणाधिन ‘मेकर स्पेस’लाई बृज सिमेन्टले सघाउने भएको छ । राष्ट्रिय आविष्कार केन्द्र र पुष्पतारा केडिया सेवा संस्था तथा बृज सिमेन्ट इण्डष्ट्रिज प्रालिका बीचमा बुधबार सम्झौता भएको हो । काठमाडौंमा आयोजित कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्रका तर्फबाट महाविर पुन र कम्पनीका प्रबन्ध निर्देशक मनोज केडियाले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । कार्यक्रममा महाविर पुनले राष्ट्रिय आविष्कार केन्द्रले अहिले गरिरहेका कामबारे जानकारी गराएका थिए । अनुसन्धान एकैछिनमा गर्न सकिने विषय नभएकाले यसका लागि लामो समय र पैसाको जोहो गर्नुपर्नेमा जोड दिए । उनले यसका लागि अनुसन्धान गर्न चाहनेले सामान्य ‘प्रपोजल’ बनाएपछि आविष्कार केन्द्रले सम्पूर्ण सहयोग गर्न तयार रहेको पनि बताए । अहिले दुर्गम भेगमा काम लाग्नेगरि मेडिसिन ड्रोन बनाएर परिक्षण भइरहेको जानकारी दिँदै, पानी फिल्टर लगायतका विषयमा अनुसन्धान भइरहेको बताए ।

### प्रभु र मुथुटबीच रेमिटेन्स सम्झौता

काठमाडौं । प्रभु मनी ट्रान्सफरले भारतको प्रतिष्ठित कम्पनी मुथुट फिनकर्पबीच रेमिटेन्स सम्झौता गरेको छ । भारतमा काम गर्ने लाखौं प्रवासी नेपालीहरुलाई सेवा दिने उद्देश्यका साथ यहि अप्रिलदेखि मुथुट फिनकर्पका करिब ३८०० शाखाहरुबाट रेमिटेन्स सेवा दिने भएको छ । भारतबाट पठाएको पैसा नेपालमा प्रभु बैंक लगायत अन्य सबै वाणिज्य बैंक र सहकारी संस्थाहरुका खाताहरुमा तुरुन्तै जम्मा गर्न सकिनेछ र देशभर रहेका प्रभु बैंकका शाखाहरुबाट पैसा नगद प्राप्त गर्न सकिनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको
सूचना

नेपाल राष्ट्र बैंकको निर्देशनुसार
आ-आफ्ना खाता भएका बैंकका शाखामा
वा बैंकका कुनै पनि शाखामा तुरुन्तै गई
KYC फाराम भर्न बाँकि सबै ग्राहकले
२०७५ असार १५ गते भित्र KYC फाराम
भरी बुझाई दिनुहुन ग्राहक महानुभावहरुलाई
हार्दिक अनुरोध गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
......तपाईंको आफ्नै बैंक

केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ ।




नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख,
शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

भुवनेश्वर चौधरी
अध्यक्ष, नेपाल मधेशी निजामती कर्मचारी
मञ्च तथा परिवार

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं